# पोषणमैत्री स्थानीय शासन अन्तर्गत

# पोषणमैत्री स्थानीय तह घोषणा कार्यविधि, २०८२

नरहरिनाथ गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय,
कुमालगाउँ, कालिकोट
कर्णाली प्रदेश, नेपाल

स्वस्थ, सुखी र समृद्ध परिवार, हाम्रो सरोकार
प्रभावकारी बहुक्षेत्रीय पोषण सेवा, जनताको अधिकार

CamScanner

# पोषणमैत्री स्थानीय शासन अन्तर्गत

# पोषणमैत्री स्थानीय तह घोषणा कार्यविधि, २०८२

## नरहरिनाथ गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय,
कुमालगाउँ, कालिकोट
कर्णाली प्रदेश, नेपाल

स्वस्थ, सुखी र समृद्ध परिवार, हाम्रो सरोकार
प्रभावकारी बहुक्षेत्रीय पोषण सेवा, जनताको अधिकार

CamScanner

## विषय सूची

प्रस्तावनाः ........ १
१. संक्षिप्त नाम र प्रारम्भः ........ १
२. परिभाषाः ........ १
३. पृष्ठभूमि ........ २
४. कार्यविधिको आवश्यक्ता र औचित्य ........ २
५ कार्यविधिको प्रयोग र प्रयोगकर्ताहरू ........ ३
६. विषयगत क्षेत्र र सूचकहरु ........ ४
७. मुल्याङ्कनका सूचकहरु ........ ४
८. क्षेत्रगत सूचक निर्धारण र विश्लेषण खाका ........ ५
९.पोषणमैत्री स्थानीय शासन कार्यान्वयनका लागि अवलम्बन गर्नुपर्ने रणनीतिहरु ........ ५
१०. पोषणमैत्री स्थानीय शासन वडा घोषणाको प्रक्रिया ........ ५
११. पोषणमैत्री स्थानीय शासन घोषणाका चरण र खुडकिलाहरू ........ ७
१२. पोषण मैत्री स्थानीय शासन घोषणाका आवश्यक दस्तावेजहरू ........ ७
१३. संस्थागत व्यवस्थाः ........ ८
१४. पोषण मैत्री स्थानीय शासन घोषणका लागि बिभिन्न तहहरुको भूमिका र जिम्मेवारीहरु ........ १०
१५. सूचक हासिल र घोषणाः ........ १२
१६. कार्यविधिको संशोधनः ........ १२
१७. बाधा अड्काउ फुकाउन सक्नेः ........ १२
१८. स्पष्टीकरण तथा बचाउ : ........ १२
१९.पुरस्कार तथा सम्मान : ........ १३
२०. अनुसूचीहरुको प्रयोग ........ १३
२१. अनुसूचीहरू : ........ १३

CamScanner

# नरहरिनाथ गाउँपालिका कुमालगाउँ, कालिकोट

## पोषणमैत्री स्थानीय शासन अन्तर्गत पोषणमैत्री स्थानीय तह कार्यविधि, २०८२

प्रस्तावनाः

मातृ तथा बाल मृत्यु दर घटाउनुका साथै बालबालिकाको उच्चतम मानसिक र शारीरिक विकास गरी देशको दीर्घकालीन मानव पुँजी निर्माण गर्ने तथा समग्र रूपमा सबै प्रकारका कुपोषण अन्त्य गर्न बहुक्षेत्रीय अवधारणाको कार्यान्वयन गर्नु आजको विश्वव्यापी आवश्यकता र मान्यता बनेको छ। यसै सन्दर्भमा नेपाल सरकारले सन् २०६९ सालको जेठ ३२ गते स्वीकृत बहुक्षेत्रीय पोषण योजना क्रमिक रूपमा पहिलो र दोस्रो चरणमा कार्यान्वयन गर्दै आएको छ। नेपालको संघीय संविधान जारी भई संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको सरकारको संरचना कायम भएपछि स्थानीय सरकार सञ्चालन ऐन २०७४ अन्तर्गत प्राप्त अधिकार प्रयोग गर्दै पोषण सुधारका कार्यक्रमहरू सञ्चालन गर्न थालिएको छ। हालै नेपाल सरकारले तेस्रो चरणको बहुक्षेत्रीय पोषण योजना स्वीकृत गरिसकेको छ, जसअनुसार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०८० साल चैत्र १२ गतेको मन्त्रिपरिषदको निर्णयद्वारा स्वीकृत **'पोषणमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि २०८०'** को अधीनमा रही नरहरिनाथ गाउँपालिकामा पोषणमैत्री अभियान सञ्चालन गर्ने कार्य थालिएको छ। पोषण सुधारमा अझ स्पष्टता, प्रभावकारिता र सहभागिता सुनिश्चित गर्न गाउँपालिकाले सो कार्यविधिलाई स्थानीय सन्दर्भअनुसार स्थानीयकरण गरी **'पोषणमैत्री स्थानीय तह घोषणा कार्यविधि २०८२'** जारी गरेको छ। यस कार्यविधिको उद्देश्य पोषणमैत्री वडा तथा गाउँपालिका घोषणा प्रक्रिया सहज र प्रभावकारी बनाउने, निर्धारित समय सीमाभित्र लक्ष्यहरू प्राप्त गर्ने र सोको दिगोपनालाई संस्थागत गर्दै समुदायमा पोषण सुधारको स्थायी आधार तयार गर्नु हो। नरहरीनाथ गाउँपालिका यस अभियानलाई सफल बनाउन सबै सरोकारवालाहरुसँग सहकार्यमा अघि बढिरहेको छ।

### परिच्छेद :१
### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः

(क) यस कार्यविधिको नाम "पोषणमैत्री स्थानीय शासन अबलम्बनका लागि पोषण मैत्री स्थानीय तह र वडा घोषणा कार्यबिधि २०८२ रहेको छ ।

(ख) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "स्थानीय तह" भन्नाले नरहरिनाथ गाँउपालिका कालिकोटलाई सम्झनु पर्दछ ।

(ख) "वडा" भन्नाले नरहरिनाथ गाँउपालिकाका सबै ९ वटा वडालाई सम्झनु पर्दछ ।

(ग) "कार्यपालिका" भन्नाले नेपालको संविधानको धारा २१५ बमोजिम गठन भएको नरहरिनाथ गाँउपालिका कालिकोटलाई सम्झनु पर्दछ ।

बालकृष्ण राना मगर
प्रमुख प्रशासकीय अधिकृत

नगेन्द्र बहादुर विष्ट
अध्यक्ष



CamScanner

(घ) "अभियन्ता" भन्नाले नरहरिनाथ गाँउपालिकाले अभियानका लागि पहिचान र परिचालन गरेका पोषणको विषयमा बहस, पैरवी गर्ने स्वयंसेवी व्यक्तिलाई सम्झनु पर्दछ ।

(घ) "जिल्ला समन्वय समिति" भन्नाले कालिकोट जिल्लाको जिल्ला समन्वय समितिलाई सम्झनु पर्दछ ।

(ङ) "पोषणमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि २०८०" भन्नाले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०८० चैत्र १२ गतेको मन्त्रिपरिषदको निर्णयबाट जारी कार्यविधिलाई सम्झनुपर्दछ ।

## परिच्छेद :२
## पोषणमैत्री स्थानीय शासन कार्यविधिको आवश्यकता

### ३. पृष्ठभूमि

नेपालले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहमा व्यक्त गरेका विविध समझदारी र प्रतिबद्धताहरू कार्यान्वयन गर्ने शिलशिलामा, विशेष गरी महिला, बालबालिका तथा किशोरीहरूको पोषणको अवस्थामा सुधार ल्याउने उद्देश्यले गरिएका राष्ट्रिय तथा बैदेशिक प्रतिवद्धता, दिगो विकास लक्ष्यहरू (SDGs) तथा विश्व स्वास्थ्य संगठनले तोकेका पोषण र स्वास्थ्यसम्वन्धी लक्ष्यहरू पुरा गर्नु राज्यका सबै निकाय, तह र सरकारको साझा जिम्मेवारी हो। अन्तराष्ट्रिय अभ्यासले कुपोषणलाई केवल स्वास्थ्य समस्या नभई सामाजिक, आर्थिक तथा मानवीय विकासका लागि अवरोध र दिगो विकास प्राप्तिको प्रमुख चुनौतीको रूपमा हेर्दै आएको छ। विभिन्न अध्ययनहरूले कुपोषणका दीर्घकालीन, गम्भीर र अपूरणीय असरहरू देखाइरहेका छन्। महिलाहरू, बालबालिका र किशोरीहरूमा देखिने कुपोषणको समस्या सामूहिक प्रयासबाट मात्र न्यूनीकरण गर्न सम्भव छ भन्ने यथार्थलाई आत्मसात गर्दै, नरहरिनाथ गाउँपालिकाले बहुक्षेत्रीय पहल, कार्यक्रम र अभियानहरू सञ्चालन गर्दै आएको छ। पोषणका क्षेत्रमा हालसम्म भएका उपलब्धिहरूलाई संस्थागत गर्दै थप प्रगति हासिल गर्न, पर्याप्त स्रोत–साधनको व्यवस्थापनसँगै सम्बन्धित सबै तह, विषयगत शाखा र साझेदार निकायहरूबाट सहयोग, समन्वय र सहजीकरण अपरिहार्य छ। यही सन्दर्भमा, नरहरिनाथ गाउँपालिकाका नव निर्वाचित जनप्रतिनिधिहरूले बहुक्षेत्रीय पोषण योजनालाई पूर्णरूपमा कार्यान्वयन गर्ने प्रतिबद्धता जनाएका छन्। साथै, पोखरा प्रतिबद्धता २०७३, नेपाल सरकारबाट स्वीकृत तेस्रो चरणको बहुक्षेत्रीय पोषण योजना, र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को खण्ड (झ) बमोजिम स्थानीय तहलाई प्राप्त महिला तथा बालबालिकाको कुपोषण न्यूनीकरण, रोकथाम, नियन्त्रण तथा व्यवस्थापन गर्ने अधिकार अन्तर्गत **'पोषणमैत्री स्थानीय तह तथा वडा घोषणा कार्यविधि २०८२'** नरहरिनाथ गाउँपालिकामा कार्यान्वयनमा ल्याइएको छ। यस कार्यविधिबाट पोषण सुधारको प्रयासलाई थप प्रभावकारी, समन्वित र दिगो बनाउन अपेक्षा गरिएको छ।

### ४. कार्यविधिको आवश्यकता र औचित्य

नरहरिनाथ गाउँपालिका, कालीकोटले पोषणमैत्री स्थानीय शासन अबलम्बनका लागि स्थानीय तह तथा वडा घोषणा कार्यविधि २०८२ लाई मार्गदर्शनका रूपमा लिएर आफ्ना वडाहरूमा पोषणमैत्री अभियान प्रभावकारी रूपमा



बालकृष्ण राना मगर
प्रमुख प्रशासकीय अधिकृत

नगेन्द्र बहादुर विष्ट

CamScanner

कार्यान्वयन गर्ने प्रतिबद्धता व्यक्त गरेको छ। यो कार्यविधि अन्तर्गत गाउँपालिकाले पूर्व स्वीकृत पोषणमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि २०८० लाई स्थानीय आवश्यकता र सन्दर्भ अनुसार परिमार्जन तथा स्थानीयकरण गरी थप स्पष्टता प्रदान गर्दै अभियानलाई व्यवहारमा उतार्ने कार्य आरम्भ गरेको छ। यस कार्यविधिको उद्देश्य भनेको गाउँपालिकाभित्र रहेका छनौट गरिएका स्वास्थ्य संस्था र वडाहरूलाई निर्धारण गरिएको मापदण्ड अनुसार पोषणमैत्री वडा तथा संस्था घोषणा गरी, नरहरिनाथ गाउँपालिकालाई सन् २०३० साल भित्रमा पोषणमैत्री स्थानीय तहको रूपमा औपचारिक रूपमा घोषणा गर्नु हो। यो अभियानको सफल कार्यान्वयनका लागि स्थानीय तहको नीति, योजना, कार्यक्रम र बजेटमा पोषणलाई मुख्यधारमा ल्याउने (mainstreaming) प्रयास गरिनेछ। त्यसैगरी, नेपाल सरकारले स्वीकृत गरेको बहुक्षेत्रीय पोषण योजना तेस्रो चरण, तथा अन्य पोषणसम्बन्धी कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन मार्फत पोषणमैत्री स्थानीय शासनको अवधारणा व्यवहारमा उतारिनेछ। पोषणमैत्री वडा घोषणाको लागि आवश्यक पर्ने सम्पूर्ण प्रक्रिया जस्तै कि, मापदण्डको मूल्यांकन, प्रारम्भिक अवस्था विश्लेषण, तथ्यांक संकलन, योजनाको कार्यान्वयन, अनुगमन र मूल्यांकन सम्बन्धमा सम्बन्धित वडा, स्वास्थ्य संस्था, जनप्रतिनिधि, नागरिक समाज र अन्य सरोकारवाला निकायलाई आवश्यक तालिम, मार्गदर्शन तथा सूचनाहरू प्रदान गरिनेछ। साथै, पोषणमैत्री वडा घोषणाका लागि आवश्यक पर्ने विभिन्न फारमहरू, प्रमाणपत्र, दस्तावेज तथा रिपोर्टिङ ढाँचाहरू सम्बन्धमा विस्तृत जानकारी दिइनेछ। गाउँपालिकाले यो अभियानलाई सफल पार्न सहजीकरण, समन्वय र प्राविधिक सहयोग उपलब्ध गराउने जिम्मेवारी लिएको छ। यस कार्यान्वयन प्रक्रियामा, सम्बन्धित वडाहरू, स्थानीय स्वास्थ्य संस्था, शिक्षा क्षेत्र, कृषि, पशुपालन, खानेपानी तथा सरसफाइ, महिला, बालबालिका तथा समाजकल्याण इकाई, स्थानीय संघसंस्थाहरू र समुदायका प्रतिनिधिहरूको सक्रिय सहभागिता सुनिश्चित गरिनेछ। अन्ततः, यो अभियानले नरहरिनाथ गाउँपालिकालाई पोषण सुधारको दिशामा दिगो परिवर्तन ल्याउन सहयोग गर्नेछ र महिला, बालबालिका तथा किशोरीहरूको पोषण स्थिति सुधार गर्दै समग्र मानव विकासमा योगदान पुर्याउने अपेक्षा गरिएको छ।

## ५. कार्यविधिको प्रयोग र प्रयोगकर्ताहरू

**'पोषण मैत्री स्थानीय शासन अबलम्बनका लागि स्थानीय तह तथा वडा घोषणा कार्यविधि २०८२'** लाई नरहरिनाथ गाउँपालिकाले पोषणमैत्री स्वास्थ्य संस्था, पोषणमैत्री वडा तथा पोषणमैत्री स्थानीय तह घोषणाको प्रक्रिया र आधारका रूपमा प्रयोग गर्नेछ। सो कार्यविधिको अधिनमा रहि, नरहरिनाथ गाउँपालिकाले पोषणमैत्री स्थानीय शासन वडा घोषणासम्बन्धी अभियानहरू प्रभावकारी रूपमा कार्यान्वयन गर्नेछ। यस कार्यविधिको मुख्य प्रयोगकर्ता नरहरिनाथ गाउँपालिका स्वयं, यसका सबै वडाहरू, विषयगत शाखाहरू, बहुक्षेत्रीय पोषण योजना अन्तर्गत सञ्चालनमा रहेका विविध कार्यक्रमहरू, गाउँपालिकाको कार्यक्षेत्रमा सक्रिय विकास साझेदारहरू तथा सरोकारवाला निकायहरू रहनेछन्। सम्बन्धित सबै पक्षहरूले उपलब्ध सूचनाहरूको माध्यमबाट पोषणमैत्री स्थानीय शासनको अवधारणा, वडा घोषणा प्रक्रियाहरू, त्यसबाट प्राप्त हुने प्रतिफल र उपलब्धिहरूको व्याख्या तथा विश्लेषण गर्न सक्नेछन। यसरी, नरहरिनाथ गाउँपालिकाले पोषण सुधारका लागि समन्वित प्रयासमार्फत स्थानीय तहमा पोषणमैत्री शासन प्रणालीलाई संस्थागत गर्ने स्पष्ट मार्गचित्र तयार पारेको छ।



बालकृष्ण राना मगर
प्रमुख प्रशासकीय अधिकृत

नगेन्द्र बहादुर बिष्ट
अध्यक्ष

CamScanner

## परिच्छेद :३
## पोषणमैत्री स्थानीय शासनका विषयक्षेत्र र सूचकहरु

### ६. विषयगत क्षेत्र र सूचकहरु

'पोषण मैत्री स्थानीय शासन अबलम्वनका लागि स्थानीय तह र वडा घोषणा कार्यविधि २०८२' को कार्यान्वयनका लागि विषयगत क्षेत्र देहाय बमोजिम हुनेछन:

१. स्वास्थ्य

२. शिक्षा

३.महिला बालबालिका तथा समाजकल्याण इकाई

४. कृषि विकास

५. पशुसेवा

६. खानेपानी तथा सरसफाई

७. शासकीय प्रबन्ध

### ७. मुल्याङ्कनका सूचकहरु

संघीय सरकारको पोषणमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि २०८० मा उल्लेख भएका सूचक जम्मा ३४ सहित यस कार्यविधिको दफा अनुसारका विषयगत क्षेत्र अन्तर्गतका सूचकहरु अनुसूची बमोजिम मुल्यांकनका सूचकहरु रहनेछन । संघीय सरकारले जारी गरेको कार्यविधि २०८० मा उल्लेख भएका सूचकहरुका साथै स्थानीय परिवेशका आधारमा विभिन्न विषयगत क्षेत्रमा ३१ वटा सुचकहरु थप गरी सूचकहरुको स्थानीयकरण गरिएको छ । यसरी स्थानीयकरण थप गरिएका क्षेत्रगत सूचकहरुको संख्या निम्नानुसार रहेका छन ।

| क्र. सं. | विषयगत क्षेत्र | सूचकहरुको संख्या |
|---|---|---|
| १ | स्वास्थ्य | ७ |
| २ | शिक्षा | ५ |
| ३ | महिला तथा बालबालिका | २ |
| ४ | खानेपानी तथा सरसफाई | ६ |
| ५ | पशु सेवा | १ |
| ६ | कृषि विकास | २ |
| ७ | शासकीय प्रबन्ध | ८ |
| जम्मा | | ३१ |

बालकृष्ण राना मगर
प्रमुख प्रशासकीय अधिकृत

नगेन्द्र बहादुर विष्ट
अध्यक्ष



CamScanner

८. क्षेत्रगत सूचक निर्धारण र विश्लेषण खाका

| क्र.सं. | सुचकहरु | अपेक्षित जनसंख्या | हालको अवस्था | न्यूनतम लक्ष्य | पुष्टयाईंका आधारहरू | क्षेत्रगत जिम्मेवारी |
|---|---|---|---|---|---|---|
| १ | विषयगत क्षेत्र | | | | | |
| १.१ | | | | | | |
| १.२ | | | | | | |

## परिच्छेद :४
## पोषणमैत्री स्थानीय शासनको कार्यान्वयन

९. पोषणमैत्री स्थानीय शासन कार्यान्वयनका लागि अवलम्बन गर्नुपर्ने रणनीतिहरु

(क) अवस्था बिश्लेषण र सचेतीकरण

(ख) आन्तरीकिकरण

(ग) प्रचार प्रसार

(घ) क्षमता विकास

(ङ) लक्षित कार्यक्रम तथा अभियान सञ्चालन

(च) समन्वय तथा सहकार्य

(छ) अनुगमन तथा मुल्याङ्कन

(ज) स्रोतको सुनिश्चिता र दिगोपना

१०. पोषणमैत्री स्थानीय शासन वडा घोषणाको प्रक्रिया

- पालिकास्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशन समितिको बैठक, कार्यपालिकाको निर्णय हुदै गाउँ सभाबाट पोषणमैत्री स्थानीय शासन अबलम्बन गर्ने निर्णय ।
- पोषण सुधारको लागि सामुहिक प्रतिबद्धता र तहगत समितिहरूको निर्णय ।
- पोषण संबेदनशील र पोषण लक्षित क्रियाकलाप सहित घोषणाको कार्य योजना बनाई यसको कार्यान्वयन ।
- बहुक्षेत्रीय पोषण योजना र पोषणमैत्री स्थानीय शासन अबधारणा सम्बन्धि बिभिन्न तहमा सम्बन्धित सरोकारवाला र लक्षित वर्ग लाई अभिमुखिकरण ।
- क्षेत्रगत सुचकहरू निर्धारण गर्ने र सो बारे गाउँ तथा वडा स्तरमा छलफल ।
- पोषणमैत्री स्थानीय शासन वडा र पालिका घोषणा कार्यान्वयनका लागि दफा ११ बमोजिमका चरणगत तथा तहगत खुड्किला तय गरी पुरा गर्ने ।

बालकृष्ण राना मगर
प्रमुख प्रशासकीय अधिकृत

नगेन्द्र बहादुर बिष्ट
अध्यक्ष



CamScanner

- वडा स्तरीय पोषण तथा खाद्य सुरक्षा सहजीकरण तथा कार्यान्वयन समितिबाट निर्णय भई घोषणाका लागि कार्यपालिकामा पेश गर्ने ।
- गाउँपालिका र वडास्तरीय पोषण प्रोफाईल तयार तथा अध्यावधिक गर्ने ।
- पोषण मैत्री स्थानीय शासन वडा र पालिका घोषणा कार्यान्वयनका लागि आधार सर्वेक्षण गरेको आधारमा यसका लागि न्यूनतम लक्ष्य तय गर्ने ।
- सो सूचकहरू सम्बन्धित बिषयगत शाखा बाट प्रमाणिकरण गर्ने ।
- सम्बन्धित गाउँपालिका र वडाले पोषण सुधारको लागि रणनीति योजना बनाई कार्यान्वयन गर्ने ।
- पोषण सुधारको लागि वडास्तरीय पोषण तथा खाद्य सुरक्षा सहजीकरण तथा कार्यान्वयन समिति र गाउँपालिका स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समिति अन्तर्गत घोषणा उप समिती गठन र सोको अभिमुखीकरण गर्ने ।
- पोषण सुधारको अवस्थाबारे सरोकारवालाहरूबाट अभियान कार्यान्वयनको अवस्थाबारे अनुगमन भएको र प्रमाणिकरण भएको सूचकहरूको आधारमा प्रतिवेदन तयार भई सो अनुसारका कुरा पूरा गर्ने।
- पोषणमैत्री स्थानीय शासन वडा र पालिका घोषणाका लागि आबश्यक कार्य पुरा भए नभएको स्थलगत अनुगमन गरी सहमति प्रदान गरिदिन सम्बन्धित माथिल्लो निकाय (जिसस तथा सम्बन्धित प्रदेश तथा संघीय मन्त्रालय) लाई प्रतिबेदन सहित अनुरोध गर्ने ।
- समवन्धित माथिल्लो निकाय (संघ र प्रदेश तथा सम्बन्धित मन्त्रालय) बाट स्थलगत अनुगमन गरी आबश्यक सुझाब दिने ।
- सामाजिक जवाफदेहिता बमोजिम सम्पन्न कार्यहरूको सामाजिक लेखापरिक्षण गरेको र गुनासो सुनुवाई समिति गठन गर्ने ।
- वडा तथा पालिकामा पोषण डेस्क, पोषण कर्नर र स्तनपान कक्षको व्यबस्था गर्ने ।
- सम्बन्धित माथिल्लो निकाय (संघ र प्रदेश तथा सम्बन्धित मन्त्रालय र जिसस) बाट स्थलगत अनुगमन दिएको सुझाबको कार्यान्वयन गर्ने ।
- सम्बन्धित माथिल्लो निकायले दिएको सुझाबको कार्यान्वयन पश्चात अन्तिम प्रतिबेदन तयार गर्ने ।
- निश्चित कार्य योजना सहित गाउँ तथा वडा सभाबाट पोषण मैत्री स्थानीय शासन वडा घोषणा गर्ने निर्णय गर्ने ।
- घोषणा उन्मुख पालिकाले पोषणको स्थिति पत्र र पोषण आचार संहिता प्रकाशन गरी कार्यान्वयन गर्ने।
- पोषणमैत्री स्थानीय शासन घोषणाको लागि शुरू देखि अन्तिम सम्म भए गरेका कार्यहरूको रेकर्ड गरि दस्ताबेजिकरण गर्ने ।

नगेन्द्र बहादुर विष्ट
अध्यक्ष

बालकृष्ण राना मगर
प्रमुख प्रशासकीय अधिकृत



CamScanner

## ११. पोषणमैत्री स्थानीय शासन घोषणाका चरण

| चरण तथा तह | क्रियाकलापहरु |
|---|---|
| पहिलो | बहुक्षेत्रीय पोषण योजना सम्बन्धी अभिमुखिकरण र सामुहिक प्रतिबद्धता। |
| दोस्रो | वडा तथा पालिका स्तरमा पोषण तथा खाद्य सुरक्षा निर्देशक तथा सहजीकरण समितिको गठन । |
| तेस्रो | शाखागत र पालिका स्तरमा पोषण सम्पर्क व्यक्ति र डेस्क स्थापना । |
| चौथो | निश्चित सूचक तथा मापदण्डका आधारमा गाँउ तथा वडा छनौट । |
| पाँचौ | पोषणको बस्तुगत बिवरण संकलन, तयारी, बिश्लेषण र प्रकाशन । |
| छैठौं | सरोकालवालाको पहिचान, समन्वय, सन्जाल निर्माण र परिचालन । |
| सातौ | बहुक्षेत्रीय पोषण योजनाको बार्षिक योजना तर्जुमा, लगानीको सुनिश्चितता र योजना कार्यान्वयन र बिशेष अभियान सन्चालन । |
| आठौं | पोषणमैत्री स्थानीय शासन अबलम्बनका लागि पोषणमैत्री स्थानीय तह घोषणा कार्यबिधि निर्माण । |
| नवौ | पोषणको स्थिति पत्र प्रकाशन र सार्बजनिकीकरण । |
| दशौ | अनुगमन, समीक्षा र मुल्याकन । |
| एघारौं | गाउँकार्यपालिकाबाट पोषणको क्षेत्रमा लगानी गर्ने प्रतिबद्दतासहितको निर्णय। |
| बाह्रौ | स्थानीय शासनको न्यूनतम सेवा सुचकहरूको विश्लेषण र प्रमाणिकिरण । |
| तेह्रौ | पोषणमैत्री गाउँ, वडा र पालिका घोषणा तथा यसको निरन्तरता एवं दिगोपना। |

## १२. पोषणमैत्री स्थानीय शासन घोषणाका आवश्यक दस्तावेजहरू

१. पोषणको बस्तुगत विवरण
२. पोषणमैत्री आचार संहिता
३. पोषणको स्थिति पत्र
४. सूचक प्राप्ति र उपलब्धि सहितको प्रतिबेदन
५. विषयगत शाखाहरुले गरेको सुचक प्रमाणिकरण विवरण
६. गाउँपालिका, जिसस र प्रदेश समितिको स्थलगत अनुगमनको प्रतिबेदन
७. बहुक्षेत्रीय पोषण योजनाको बार्षिक योजना
८. बिभिन्न प्रतिबद्धताहरू, कार्यबिधि, बैठक निर्णय, नितिहरू
९. पोषणमैत्री स्थानीय शासन घोषणाका लागि गरिएका पत्रचारहरू, पम्पलेट, ब्रोसरहरू
१०. पोषणमैत्री स्थानीय शासन पश्चात दिगोपाना र निरन्तरताको लागि रणनीतिक योजना



बालकृष्ण राना मगर
प्रमुख प्रशासकीय अधिकृत

नगेन्द्र बहादुर विष्ट
अध्यक्ष

CamScanner

## परिच्छेद :५
## संस्थागत व्यवस्था र तहगत जिम्मेवारी

### १३. संस्थागत व्यवस्थाः

पोषणमैत्री स्थानीय शासन कार्यान्वयनका लागि बहुक्षेत्रीय पोषण योजना तेस्रो चरण अन्तर्गत नरहरिनाथ गाउँपालिकामा गठन गरिएका सम्बन्धित समितिहरूले महत्वपूर्ण भूमिका निर्वाह गर्नेछन्। ती समितिहरूले पोषणमैत्री स्थानीय शासन अवधारणाअन्तर्गत गाउँपालिकाको पोषणसम्बन्धी वर्तमान अवस्थाको विश्लेषण गर्ने, सोही आधारमा कार्ययोजना तयार गरी स्वीकृत गर्ने, आवश्यक स्रोत र साधनको सुनिश्चितता गर्ने, सम्बन्धित निकायहरूको परिचालन तथा समन्वय स्थापना गर्ने, पोषणसम्बन्धी विभिन्न जनचेतनामूलक अभियानहरू सञ्चालन गर्ने, अनुगमन तथा मूल्यांकन गर्ने, र अन्ततः पोषणमैत्री वडा तथा स्थानीय तह घोषणाका लागि आवश्यक सिफारिससहित सम्पूर्ण व्यवस्थापन गर्ने कार्यमा संलग्न हुनेछन्। यस प्रक्रियाबाट नरहरिनाथ गाउँपालिकामा पोषण सुधारका लागि बहुक्षेत्रीय सहकार्यलाई संस्थागत गर्दै प्रभावकारी रूपमा पोषणमैत्री स्थानीय शासन कार्यान्वयनमा टेवा पुग्नेछ।

### (क) गाँउपालिका स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समिति

नरहरिनाथ गाउँपालिकामा पोषणमैत्री स्थानीय शासन कार्यान्वयन गर्दै पोषणसम्बन्धी विविध अभियान सञ्चालन गर्न बहुक्षेत्रीय पोषण योजना तेस्रो चरणमा गरिएको व्यवस्थाअनुसार, गाउँपालिका स्तरमा पोषण तथा खाद्य सुरक्षा निर्देशक समिति रहनेछ । उक्त समिति नरहरिनाथ गाउँपालिकाको पोषण तथा खाद्य सुरक्षासम्बन्धी कार्यहरूको समन्वय, व्यवस्थापन, अनुगमन र निर्देशनका लागि जिम्मेवार हुनेछ, जसमा निम्नानुसारका पदाधिकारीहरू रहने व्यवस्था गरिनेछ।

| पद | पदाधिकारी |
|---|---|
| अध्यक्ष | अध्यक्ष, नरहरिनाथ गाउँपालिका, कालिकोट |
| उपाध्यक्ष | उपाध्यक्ष, नरहरिनाथ गाउँपालिका, कालिकोट |
| सदस्य | नरहरिनाथ गाउँपालिकाका सबै वडाका वडाअध्यक्षहरू |
| सदस्य | नरहरिनाथ गाउँपालिकाका महिला सदस्यमध्ये गाउँपालिका स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशन समितिले तोकेको एकजना महिला प्रतिनिधि |
| सदस्य | नरहरिनाथ गाउँपालिकाका दलित महिला सदस्यमध्ये गाउँपालिका स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशन समितिले तोकेको एकजना दलित महिला प्रतिनिधि |
| सदस्य | सामाजिक विकास क्षेत्र हेर्ने कार्यपालिका सदस्य तथा बहुक्षेत्रीय पोषण योजनाको संयोजक एक जना |
| सदस्य | विषयगत शाखा प्रमुखहरू (सामाजिक विकास - शिक्षा, स्वास्थ्य, महिला, बालबालिका तथा समाज कल्याण इकाई, खानेपानी, सरसफाइ तथा स्वच्छता, कृषि विकास, पशुसेवा, योजना) |



बालकृष्ण राना मगर
प्रमुख प्रशासकीय अधिकृत

नगेन्द्र बहादुर विष्ट
अध्यक्ष

CamScanner

| पद | पदाधिकारी |
|---|---|
| सदस्य | गाउँपालिका स्तरीय उद्योग वाणिज्य संघ वा बजार व्यवस्थापन समितिका प्रमुख वा प्रतिनिधि एक जना |
| सदस्य | गाउँपालिका स्तरीय गैर सरकारी संस्था महासंघको अध्यक्ष वा निजले तोकेको प्रतिनिधि |
| सदस्य-सचिव | प्रमुख प्रशासकीय अधिकृत, नरहरिनाथ गाउँपालिका, कालिकोट |

नोटः

- यस समितिले आवश्यकता अनुसार पोषण तथा खाद्य सुरक्षाको क्षेत्रमा काम गर्ने सक्रिय विकास साझेदार तथा स्थानीय सामुदायिक संस्थाका प्रतिनिधि, नीजि क्षेत्र, सहकारी वा विज्ञलाई आमन्त्रण गर्न सक्नेछ ।
- बैठकमा प्रस्तुत हुने छलफलको बिषयबस्तु र आवश्यकताअनुसार बाल तथा युवा क्लब, साना किसान समूह, खानेपानी सेवा प्रदायक आदिका प्रतिनिधिलाई आमन्त्रितको रुपमा आमन्त्रण गर्न सक्नेछ।

**(ख) वडा स्तरीय पोषण तथा खाद्य सुरक्षा सहजीकरण तथा कार्यान्वयन समिति**

नरहरिनाथ गाउँपालिका, कालिकोट अन्तर्गत प्रत्येक वडास्तरमा पोषणमैत्री स्थानीय शासन कार्यान्वयन गरी अभियान सञ्चालन गर्न, त्यसको अनुगमन र प्रतिवेदन प्रस्तुत गर्नका लागि प्रत्येक वडामा वडा स्तरीय **पोषण तथा खाद्य सुरक्षा सहजीकरण तथा कार्यन्वयन समिति** रहने व्यवस्था गरिएको छ। यस समितिको संरचना निम्नानुसार हुनेछः

| पद | पदाधिकारी |
|---|---|
| अध्यक्ष | वडा अध्यक्ष |
| सदस्य | महिला वडा सदस्य |
| सदस्य | दलित महिला वडा सदस्य |
| सदस्य | प्रमुख- स्वास्थ्य संस्था, कृषि तथा पशु सेवा केन्द्र र वडामा भएका अन्य क्षेत्रगत इकाई(यदि भएमा) |
| सदस्य | वडाभित्रका बिद्यालयमा भएका प्रधानाध्यापक/नर्स/महिला शिक्षक मध्ये बढीमा दुई जना (मनोनित गर्ने) |
| सदस्य | पोषण क्षेत्रमा काम गर्ने गैर सरकारी संस्था/सामुदायिक सामाजिक संस्थाका प्रतिनिधि एक जना (मनोनित गर्ने) |

बालकृष्ण राना मगर
प्रमुख प्रशासकीय अधिकृत

नगेन्द्र बहादुर विष्ट
अध्यक्ष



CamScanner

| पद | पदाधिकारी |
|---|---|
| सदस्य | स्थानीय तहको वडामा काम गर्ने महिला सामुदायिक स्वास्थ्य स्वंसेविकामध्ये एकजना (मनोनित गर्ने) |
| सदस्य-सचिव | वडा सचिव |

नोटः

बिद्यालय ब्यबस्थापन समिति, स्वास्थ्य संस्था ब्यबस्थापन समिति, खानेपानी तथा सरसफाई व्यवस्थापन समिति/उपभोक्ता समिति, टोल बिकास संस्था, बाल क्लब, महिला सहकारी/अन्य सहकारी संस्थाका महिला प्रतिनिधि, साना किसान समूह इत्यादिका प्रतिनिधिलाई कार्यसूची अनुसार आमन्त्रण गर्न सकिनेछ।

## १४. पोषण मैत्री स्थानीय शासन घोषणका लागि बिभिन्न तहहरुको भूमिका र जिम्मेवारीहरु

### क. वडा समिति तथा कार्यालयको भूमिका तथा जिम्मेवारी

- हरेक सुचकका आधारमा शुरूको अबस्था र अन्तिम अबस्थाको सुचना तुलनात्मक रूपमा राखे।
- बिभिन्न समिति, उपसमिति कार्यटोली बनाई कामको जिम्मेवारी बाँडफाड गर्ने ।
- पोषण डेस्क, पोषण कर्नर स्थापना गर्ने ।
- बिभिन्न गतिबिधिका चित्र, फ्लेक्स र सफलताका कथा तयार गर्ने ।
- पोषण सम्बन्धी वालपेन्टीङ र होडिङ बोर्डहरू राखे ।
- पोषण मैत्री अभियानका बारेमा सबैलाई जानकारी गराउने, प्रचार प्रसार गर्ने ।
- बहुक्षेत्रीय पोषण योजना अर्न्तगतका क्रियाकलापहरू कार्यान्वयन गराउने ।
- पोषण मैत्री स्थानीय शासन सम्बन्धी वडा को प्रस्तुतीहरू तयार गर्ने ।
- घोषणाको आबश्यक प्रबन्ध मिलाउने ।

### ख. गाउँपालिका स्तरीय समिति तथा कार्यालयको भूमिका तथा जिम्मेवारीः

- **नीतिगत पैरवी :** पोषण मैत्री स्थानीय शासन पद्धतिलाई गाउँपालिकाको नीति, संरचना र कार्य प्रक्रियामा मुलप्रवाहीकरण गर्ने ।
- **योजना तर्जुमा :** योजना, बजेट, कार्यान्वयन, नक्साकन, वडा र बस्ती छनौट ।
- **समन्वय तथा सहजीकरणः** सरकारी तथा गैसस संग सर्म्पक, परिचालन, बैठक, समिति गठन ।
- **अनुगमन तथा मुल्यांकन नियमित बैठकः** संयुक्त अनुगमन, प्रगति समिक्षा, सूचना व्यबस्थापन, पृष्ठपोषण, अनुगमन र मुल्याकन ।

बालकृष्ण राना मगर
प्रमुख प्रशासकीय अधिकृत

नगेन्द्र बहादुर बिष्ट
अध्यक्ष

- **समिक्षा तथा बिश्लेषण :** स्थिति पत्र प्रकाशन, नियमित क्रियाकलापहरूको कार्यान्वयन, प्रगति समिक्षा, पालिका स्तरीय बैठक, कमजोर सुचक पुरा गर्न थप स्रोत परिचालन र वडा लाई आवश्यक सहयोग र सहजिकरण ।
- **क्षमता बिकास :** सबै बिषयगत क्षेत्र र सरोकारवालाको क्षमता बिकास, परिचालन, सन्जाल गठन र संस्थागत बिकास ।

**ग. जिल्ला समन्वय समिति तथा कार्यालयको भूमिका तथा जिम्मेवारीः**

- हरेक सुचकका आधारमा सुरुको अवस्था र अन्तिम अवस्थाको सुचना तुलनात्मक रूपमा विश्लेषण गरी आबश्यक सुझाब दिने ।
- स्थलगत अनुगमन तथा मुल्याकन गर्ने ।
- आबश्यक सहजकिरण र सहयोग गर्ने ।
- पालिका, प्रदेश र संघ बिच समन्वयको भूमिका निर्वाह गर्ने ।
- पोषण मैत्री स्थानीय शासन वडा घोषणाका लागि सिफारिस गर्ने ।
- पोषणको क्षेत्रमा काम गर्ने संघ संस्थाहरूको परिचालनका लागि समन्वय गर्ने ।
- पोषण मैत्री स्थानीय शासन घोषणाका लागि प्राबिधिक सहयोग उपलब्ध गराउने ।
- जिल्ला स्तरीय बैठकको आयोजना गर्ने र जिल्ला स्थित कार्यालयहरूको परिचालनका लागि समन्वय गर्ने ।

**घ. संघ तथा प्रदेशको भूमिका तथा जिम्मेवारी**

- पोषणमैत्री स्थानीय शासनको अबधारणा, रणनीति, निर्देशिकाहरूको बिकास गर्ने ।
- बहुक्षेत्रीय पोषण योजना अर्न्तगतका क्रियाकलापहरूको कार्यान्वयनका लागि क्षेत्रगत बजेट बिनियोजन गर्ने ।
- बिभिन्न क्षमता बिकासका कार्यहरू गर्ने ।
- संघ तथा प्रदेशस्तरीय समितिहरूको गठन, पुर्नगठन र नियमित बैठक र परिचालन ।
- बिभिन्न दातृ निकाय, बिषयगत मन्त्रालय, नागरिक समाज, पत्रकार, सांसद आदि निकायहरू संग समन्वय गर्ने र स्रोतको सुनिश्चितता गर्ने ।
- पोषण मैत्री स्थानीय शासन घोषणाका लागि सिफारिस गर्ने ।
- अनुगमन तथा मुल्यांकन गर्ने ।
- आबश्यक सहजकिरण र प्राविधिक सहयोग गर्ने ।

बालकृष्ण राना मगर
प्रमुख प्रशासकीय अधिकृत

नगेन्द्र बहादुर बिष्ट
अध्यक्ष



CamScanner

## परिच्छेद :६
## पोषणमैत्री स्थानीय तह र वडा घोषणा

**१५. सूचक हासिल र घोषणाः**

१. पोषणमैत्री स्थानीय तह र वडा घोषणाका लागि अनुसूची १ र २ बमोजिमका सूचकहरु हासिल भएको हुनुपर्ने छ ।

२. पोषणमैत्री स्थानीय तह घोषणाको लागि प्रदेशस्तरीय समिति र वडा घोषणाका लागि जिल्ला स्तरीय समितिबाट स्थलगत अनुगमन भई कार्यविधि अनुसार तोकिएका सबै सूचकहरु पुरा भए नभएको सिफारिस भएको हुनुपर्ने छ ।

३. यस कार्यविधि अनुसार सबै वडालाई पोषणमैत्री वडा घोषणा गरिसकेपछि मात्र पोषणमैत्री गाउँपालिका घोषणा गर्नुपर्नेछ ।

४. गाँउपालिकाको वडा पोषणमैत्री घोषणा भएको जानकारी जिल्ला समन्वय समिति र प्रदेश सरकारलाई दिनुपर्नेछ ।

५. गाँउपालिका पोषणमैत्री घोषणा भएको जानकारी जिल्ला समन्वय समिति, प्रदेश सरकार र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई दिनुपर्नेछ ।

## परिच्छेद :७
## विविध

**१६. कार्यविधिको संशोधनः**

यस कार्यविधिमा कुनै संशोधन गर्नु परेमा यस गाँउपालिकाले आवश्यकता अनुसार आवश्यक प्रक्रिया पुरा गरी संशोधन तथा परिमार्जन गर्न सक्नेछ ।

**१७. बाधा अड्काउ फुकाउन सक्नेः**

यस कार्यविधिको कार्यान्वयनका सन्दर्भमा कुनै बाधा उत्पन्न भएमा पालिका स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको बैठकको सिफारिसमा कार्यपालिकाको बैठकले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ ।

**१८. स्पष्टीकरण तथा बचाउ :**

यो कार्यबिधि, यसका प्राबधानहरू र बुदाहरू संघ र प्रदेश अन्र्तगतको कार्यबिधिसंग बाझिने छैनन । यदि बाझिएको हकमा बाझिएका प्राबधानहरू स्वतः खारेज भएको मानिनेछ । यो कार्यविधि लागु हुन भन्दा अगाडी पोषणमैत्री स्थानीय शासनका लागि भए गरेका सम्पूर्ण कार्यहरु यसै कार्यविधि अनुसार भएको मानिनेछ ।

बालकृष्ण राना मगर
प्रमुख प्रशासकीय अधिकृत

नगेन्द्र बहादुर सिंह
अध्यक्ष

### १९. पुरस्कार तथा सम्मान :

घोषणा कार्यमा सहयोग, सहजीकरण गर्ने बिभिन्न व्यक्ति, कार्यालय, निकाय र संघ संस्थाहरूलाई सम्मान गर्न सकिनेछ । यस्का साथै यस कार्यबिधि अनुसार वडा घोषणमा पहिलो घोषणा गर्ने वडा लाई पुरस्कार प्रदान गरिनेछ । त्यसै गरी दोस्रो, तेस्रो, चौथो, पाचौ, छैठौं हुने वडा लाई कमशः मूल्यांकनका आधारमा पुरस्कार प्रदान गरिनेछ ।

### २०. अनुसूचीहरुको प्रयोग :

कार्यविधिको कार्यान्वनय गरी वडा तथा स्थानीय तह घोषणा गर्न यस कार्यविधि अन्तर्गतका अनुसूची १ देखि १० सम्मको प्रयोग गर्नुपर्नेछ ।

### २१. अनुसूचीहरू :

## अनुसूची १

(दफा ७, ८ र १५ संग सम्बन्धित)

पोषणमैत्री स्थानीय शासन अर्न्तगत पोषणमैत्री स्थानीय तह र वडा घोषणाको लागि तयार गरिएको

क्षेत्रगत सूचकहरू र न्यूनतम लक्ष्य

**नरहरिनाथ गाउँपालिका, कालिकोट ।**

**बहुक्षेत्रीय पोषण योजना**

### पोषणमैत्री स्थानीय शासनको लागि तयार गरिएको सूचकहरु र न्युनतम लक्ष्य

पोषणमैत्री स्थानीय शासनको लागि तय गरिएका सूचकहरू (Indicators) र न्यूनतम लक्ष्यहरू (Minimum Targets) बहुक्षेत्रीय पोषण योजना तेस्रो (MSNP III) अन्तर्गत निर्धारण गरिएको छ। यी सूचकहरू स्थानीय तहले पोषणमैत्री बन्नका लागि अनिवार्य रूपमा पूरा गर्नुपर्ने न्यूनतम मापदण्डहरू हुन्।

**पोषणमैत्री स्थानीय शासनका सूचकहरू:**

| क्र.स. | सूचकहरु | लक्षित जनसंख्या | आधार अवस्था | न्युनतम लक्ष्य | प्रगतिको अवस्था | पुस्टयाईका आधारहरु तथा सूचनाका स्रोत |
|---|---|---|---|---|---|---|
| **१** | **विषयगत क्षेत्र : स्वास्थ्य** | | | | | |
| १.१ | गर्भवती महिलाले टिडि खोप पाएको प्रतिशत | | | ९० | | |
| १.२ | सुत्केरी तथा गर्भावस्थामा थप खाना खाने गरेको प्रतिशत | | | ८० | | |



बालकृष्ण राना मगर
प्रमुख प्रशासकीय अधिकृत

नगेन्द्र बहादुर सिंह
अध्यक्ष

CamScanner

| क.स. | सूचकहरु | लक्षित जनसंख्या | आधार अवस्था | न्युनतम लक्ष्य | प्रगतिको अवस्था | पुस्टयाईका आधारहरु तथा सूचनाका स्रोत |
|---|---|---|---|---|---|---|
| १.३ | पोषिलो पिठो बितरण गरेको गर्भवति महिलाहरुको प्रतिशत | | | स्वतःपिठो बनाउने | | |
| १.४ | पोषिलो पिठो बितरण गरेको सुत्केरी महिलाहरुको प्रतिशत | | | स्वतःपिठो बनाउने | | |
| १.५ | पोषिलो पिठो बितरण गरेको ६ देखि २४ महिनाका बालबालिकाको प्रतिशत | | | स्वतःपिठो बनाउने | | |
| १.६ | आयोडिनयुक्त नुन खाने घरधुरी प्रतिशत | | | ९० | | |
| १.७ | स्वास्थ्य आमा समुहहरुको बैठकमा नियमित सहभागिता हुने सुनौला हजार दिनका आमाहरुको प्रतिशत | | | ८० | | |
| २ | **बिषयगत क्षेत्र : शिक्षा** | | | | | |
| २.१ | माध्यमिक तहको विद्यालयमा वालविवाह, छाउपडी प्रथा विरुद्दको अभियान, सडकनाटक, वादविवाद, हाजिरीजवाफ जस्ता पोषण संबेदनशिल अतिरिक्त क्रियाकलापहरु संचालन | | | भएको | | |
| २.२ | प्रारम्भिक वालविकास संचालन भएका आधारभुत तहका बिद्यालयको प्रतिशत | | | ५० | | |
| २.३ | पोषण सम्बन्धी प्रदर्शनी स्थलको व्यवस्था भएको विध्यालयहरु | | | ५० | | |
| २.४ | जंक फुड निषेधित भएको विद्यालय प्रतिशत | | | ८० | | |
| २.५ | विद्यालय व्यवस्थापन समिति, अभिभावक शिक्षक संघको बैठकमा पोषण सम्बन्धी विषयवस्तु छलफल भई निर्णय भए नभएको | | | भएको हुनुपर्ने | | |
| ३ | **बिषयगत क्षेत्रः महिला तथा बालबालिका** | | | | | |
| ३.१ | महिला सहकारी वा समुहमा आबद्ध सुनौला हजार दिनका महिलाहरुको प्रतिशत | | | ७५ | | |



बालकृष्ण राना मगर
प्रमुख प्रशासकीय अधिकृत

नगेन्द्र बहादुर सिंह
अध्यक्ष

CamScanner

| क्र.स. | सूचकहरु | लक्षित जनसंख्या | आधार अवस्था | न्युनतम लक्ष्य | प्रगतिको अवस्था | पुस्टयाईका आधारहरु तथा सूचनाका स्रोत |
|---|---|---|---|---|---|---|
| ३.२ | धामी झाक्री र पुजारीहरुलाई सामाजीक कुरीती र छाउपडी प्रथाका बारेमा सचेतिकरण भएको नभएको | | | भएको | | |
| ४. | **बिषयगत क्षेत्र : खानेपानी तथा सरसफाई** | | | | | |
| ४.१ | सामुदायिक खानेपानीको गुणस्तर परिक्षण भएको | | | भएको हुनुपर्ने | | |
| ४.२ | WASH Corner स्थापना गरिएका विद्यालय तथा स्वास्थ्य संस्थाको प्रतिशत | | | ८० | | |
| ४.३ | फोहोर पानी पुनप्रयोग गरी जुठल्नो सुधार भएको सुनौला हजार दिनका घरपरिवारको प्रतिशत | | | ७० | | |
| ४.४ | धुवाँ रहित चुलो तथा भान्साको व्यबस्थापन(ग्याँस, झ्याल भएको) | | | ६० | | |
| ४.५ | फोहर फाल्ने खाल्डो भएका घरधुरीको प्रतिशत | | | ९० | | |
| ४.६ | भाडा सुकाउने च्याङ, र मोरी (हात धुने स्थान) भएका घरधुरीको प्रतिशत | | | ८० | | |
| ५. | **बिषयगत क्षेत्र : कृषि बिकास** | | | | | |
| ५.१ | करेसाबारी स्थापना सम्बन्धी तालिम लिएको सुनौला हजार दिनका घरपरिवार प्रतिशत | | | ९० | | |
| ५.२ | करेसाबारी स्थापना भएको सुनौला हजार दिनका घरपरिवार संख्या प्रतिशत | | | ९० | | |
| ६. | **बिषयगत क्षेत्र : पशु सेवा** | | | | | |
| ६.१ | व्यवस्थित पशुपंक्षी पालन सम्बन्धी अभिमुखिरकण वा तालिम लिएको सुनौला हजार दिनका घरपरिवार प्रतिशत | | | ८० | | |

बालकृष्ण राना मगर
प्रमुख प्रशासकीय अधिकृत

नगेन्द्र बहादुर विष्ट
अध्यक्ष



CamScanner

| क्र.स. | सूचकहरु | लक्षित जनसंख्या | आधार अवस्था | न्युनतम लक्ष्य | प्रगतिको अवस्था | पुस्टयाईका आधारहरु तथा सूचनाका स्रोत |
|---|---|---|---|---|---|---|
| ७. | **बिषयगत क्षेत्र : स्थानीय निकाय तथा सुशासन** | | | | | |
| ७.१ | पोषण तथा खाद्य सुरक्षा निर्देशक समिति गठन (स्थानीय तह) | | | भएको हुनुपर्ने | | |
| ७.२ | पोषण तथा खाद्य सुरक्षा सहजिकरण समिति गठन (वडा तह) | | | भएको हुनुपर्ने | | |
| ७.३ | स्थानीय तहमा पोषण तथा खाद्य सुरक्षासम्बन्धी कार्यक्रमहरूको योजना तथा कार्यान्वयनको संयोजन गर्न कार्यपालिका सदस्यलाई संयोजक तोके नतोकेको | | | भएको हुनुपर्ने | | |
| ७.४ | विषयगत शाखाहरुबाट पोषण तथा खाद्य सुरक्षासम्बन्धी कार्यक्रमहरूको सम्पर्क व्यक्ति तोकिएको नतोकिएको | | | भएको हुनुपर्ने | | |
| ७.५ | स्थानीय तहको पोषण तथा खाद्य सुरक्षा नीति तर्जुमा भए नभएको | | | भएको हुनुपर्ने | | |
| ७.६ | स्थानीय तहको पोषण पार्श्वचित्र तयार भए नभएको | | | भएको हुनुपर्ने | | |
| ७.७ | पोपण सम्बन्धी सूचना स्थानीय रेडियो तथा होर्डिङबोर्डमार्फत सम्प्रेषण भए नभएको | | | भएको हुनुपर्ने | | |
| ७.८ | पालिकाबाट नियमित अनुगमन भए नभएको | | | भएको हुनुपर्ने | | |

बालकृष्ण राना मगर
प्रमुख प्रशासकीय अधिकृत

नगेन्द्र बहादुर सिंह
अध्यक्ष



CamScanner

**पोषणमैत्री स्थानीय शासनका न्यूनतम लक्ष्यहरू:**

| क्र.सं. | सूचक (Indicator) | न्यूनतम लक्ष्य (Minimum Target) |
|---|---|---|
| १ | स्थानीय तहले बहुक्षेत्रीय पोषण योजना कार्यान्वयनका लागि कार्ययोजना बनाएको | कार्ययोजना तयार र कार्यान्वयनमा आएको हुनु पर्ने |
| २ | पोषणसम्बन्धी कार्यक्रमहरू वार्षिक योजनामा समावेश | कम्तीमा ३ क्षेत्रका पोषणसम्बन्धी कार्यक्रम समावेश |
| ३ | पोषणमैत्री बजेट सुनिश्चितता | वार्षिक बजेटको कम्तीमा १०% पोषणमैत्री कार्यक्रममा छुट्याइएको |
| ४ | पोषणसम्बन्धी जनचेतना कार्यक्रमको सञ्चालन | प्रत्येक वर्ष कम्तीमा २ वटा जनचेतनामूलक कार्यक्रम सञ्चालन |
| ५ | विद्यालय पोषण कार्यक्रमको अवस्था | सबै सार्वजनिक विद्यालयमा पोषण शिक्षा/ दिवा खाजा कार्यक्रम सञ्चालन |
| ६ | स्वास्थ्य सेवामा पोषणको पहुँच | सबै वडामा पोषण सेवा उपलब्ध गराउने स्वास्थ्य संस्था सञ्चालित |
| ७ | महिला तथा किशोरी लक्षित पोषण कार्यक्रम | प्रत्येक वडामा कम्तीमा १ कार्यक्रम सञ्चालन |
| ८ | पोषणको अनुगमन र प्रतिवेदन प्रणाली | त्रैमासिक अनुगमन तथा रिपोर्टिङ प्रणाली लागू |
| ९ | बहुक्षेत्रीय पोषण समन्वय समिति कार्यरत | गाउँपालिका र वडास्तरमा समिति गठन र नियमित बैठक सञ्चालन |
| १० | पोषणमैत्री स्वास्थ्य संस्था तथा वडा घोषणा | कम्तीमा ५०% वडा र स्वास्थ्य संस्था पोषणमैत्री घोषणा भइसकेको |

बालकृष्ण राना मगर
प्रमुख प्रशासकीय अधिकृत

नगेन्द्र बहादुर विष्ट
अध्यक्ष

## अनुसूची २

(दफा ७, ८ र १५ संग सम्बन्धित)

संघीय कार्यविधि २०८० अनुसारका सूचकहरु

पोषणमैत्री स्थानीय शासन मूल्याङ्कनका सूचकहरू

| क्र.सं. | सूचक नं. | सूचक | अवस्था (लक्ष्य) | पुष्टिकरण आधार |
|---|---|---|---|---|
| स्वास्थ्य | | | | |
| १ | १.१ | पोषणमैत्री स्वास्थ्य संस्थाको प्रतिशत | १००% | पोषणमैत्री स्वास्थ्य संस्था कार्यान्वयन निर्देशिका, २०७९, एकीकृत स्वास्थ्य सूचना प्रणाली (IHMIS) र गाउँपालिका प्रतिवेदन |
| शिक्षा | | | | |
| २ | २.१ | ४ वर्ष उमेरका बालबालिका प्रारम्भिक बालविकास कक्षामा भर्ना | १००% | नरहरिनाथ गाउँपालिका शिक्षा शाखा प्रतिवेदन |
| ३ | २.२ | ECD सहजकर्ताहरूले पोषण तालिम पाएको | १००% | गाउँपालिका शिक्षा प्रतिवेदन |
| ४ | २.३ | कक्षा १-८ पूरा गर्ने बालबालिका | १००% | स्थानीय शिक्षा प्रतिवेदन |
| ५ | २.४ | स्थानीय पाठ्यक्रममा पोषण र बाल अधिकार समावेश | गरेको | शिक्षा शाखा प्रतिवेदन |
| ६ | २.५ | विद्यालय दिवा खाजामा स्थानीय पोषणयुक्त खाद्य | ≥९०% | विद्यालय अनुगमन प्रतिवेदन |

बालकृष्ण राना मगर
प्रमुख प्रशासकीय अधिकृत

नगेन्द्र बहादुर बिष्ट
अध्यक्ष

| क.सं. | सूचक नं. | सूचक | अवस्था (लक्ष्य) | पुष्टिकरण आधार |
|---|---|---|---|---|
| ७ | २.६ | विद्यालयले पोषण दिवस/सप्ताह मनाएको | ≥९०% | शिक्षा शाखा डाटा |
| महिला तथा बालबालिका | | | | |
| ८ | ३.१ | लैंगिक हिंसा फछ्यौट (८०%+) | ≥८०% | प्रहरी, एकद्वार संकट व्यवस्थापन केन्द्र र न्यायिक समितिको प्रतिवेदन |
| ९ | ३.२ | महिनाबारी स्वच्छता जोखिममा परिवार | ० | सामुदायिक स्वास्थ्य जानकारी |
| १० | ३.३ | २० वर्ष अगाडि बालजन्म (लक्ष्य: ०) | ० | स्वास्थ्य संस्था र वडा प्रतिवेदन |
| ११ | ३.४ | सुनौला १००० दिन परिवारमा पोषण शिक्षा | १००% | वडा स्तरीय प्रतिवेदन |
| १२ | ३.५ | युवा/बाल संजाललाई पोषण तालिम | ≥९०% | गाउँपालिका प्रतिवेदन |
| खानेपानी तथा सरसफाई | | | | |
| १३ | ४.१ | आधारभूत खानेपानी उपलब्धता | १००% | NWASHS र गाउँपालिका डाटा |
| १४ | ४.२ | आधारभूत शौचालय उपलब्धता | १००% | स्थानीय सरसफाई प्रतिवेदन |
| १५ | ४.३ | हात धुने स्वच्छता अभ्यास | १००% | घरधुरी सर्वेक्षण |



बालकृष्ण राना मगर
प्रमुख प्रशासकीय अधिकृत

नगेन्द्र बहादुर सिंह
अध्यक्ष

| क्र.सं. | सूचक नं. | सूचक | अवस्था (लक्ष्य) | पुष्टिकरण आधार |
|---|---|---|---|---|
| | | | | |
| कृषि विकास | | | | |
| १६ | ५.१ | घरधुरीमा सागसब्जी/फलफूल उत्पादन | ≥८०% | कृषि शाखा सर्वेक्षण |
| १७ | ५.२ | विविध खाद्य उपभोग गर्ने परिवार | ≥८०% | नमूना सर्वेक्षण |
| १८ | ५.३ | खाद्य सुरक्षा र गुणस्तर परिक्षण अनुगमन (पटक) | ≥३ | अनुगमन प्रतिबेदन |
| १९ | ५.४ | स्थानीय स्तरमा पाइने रैथाने बालि प्रवर्द्धन सम्बन्धि कार्यक्रम संचालन | भएको | कृषि बिकास शाखाको प्रतिवेदन |
| पशुपन्छी विकास | | | | |
| २० | ६.१ | पशुपन्छी पालन गर्ने परिवार | ≥८०% | पशुविकास शाखाको प्रतिवेदन |
| २१ | ६.२ | पशुजन्य स्रोत नियमित उपभोग | ≥८०% | घरपरिवार सर्वेक्षण |
| शासकीय प्रबन्ध | | | | |
| २२ | ७.१ | पोषण समितिको बैठक (वार्षिक ≥२ पालिकास्तरीय र वडास्तरीय) | ≥२ | बैठक निर्णय पुस्तिका |



बालकृष्ण रानी मगर
प्रमुख प्रशासकीय अधिकृत

जगेन्द्र बहादुर सिंह
अध्यक्ष

CamScanner

| क.सं. | सूचक नं. | सूचक | अवस्था (लक्ष्य) | पुष्टिकरण आधार |
|---|---|---|---|---|
| २३ | ७.२ | पोषण बजेट विनियोजन | गरेको | वार्षिक बजेट तथा कार्यक्रम |
| २४ | ७.३ | विपद् व्यवस्थापनमा पोषण योजना | भएको | विपत व्यवस्थापन प्रतिवेदन |
| २५ | ७.४ | बहुक्षेत्रीय पोषण योजनाले गरेको व्यवस्था बमोजिमको सचिवालयको क्रियाशीलता | रहेको | स्थानीय तहको प्रतिवेदन |
| २६ | ७.५ | स्थानीय तहमा पोषण कर्नरको स्थापना | भएको | पोषण कर्नर स्थापना भएको |
| २७ | ७.६ | गाउँ /नगर कार्यापालिकामा छुट्टै स्तनपान कक्षको व्यवस्था | भएको | पोषण तथा खाद्य सूरक्षा निर्देशक समितिको अनुगमन प्रतिवेदन |
| २८ | ७.७ | बालपोषणको महत्व र उच्चतम सदुपयोग सम्बन्धी सचेतना /अभिमुखीकरण पाउने अभिभावकको प्रतिशत | ≤९०% | अभिमुखिकरण प्रतिवेदन |

नरहरिनाथ गाउँपालिकाका लागि विशेष नोटहरू:

- **भौगोलिक चुनौती** : कालीकोटको दुर्गम भौगोलिक अवस्थाले स्वास्थ्य सेवा, खानेपानी, र कृषि उत्पादनमा असर गर्न सक्छ।
- **प्रारम्भिक बाल कक्षा र विद्यालय पोषण** : बालविकास केन्द्र र विद्यालयहरूमा पोषण कार्यक्रमलाई प्राथमिकता दिइएको छ।
- **महिला सशक्तिकरण** : कम उमेरमा विवाह र बालजन्म घटाउन किशोरी लक्षित स्वास्थ्य कार्यक्रम सघाउने।

**स्रोत:** नरहरिनाथ गाउँपालिका वार्षिक प्रतिवेदन, स्वास्थ्य संस्था डाटा, र राष्ट्रिय पोषण कार्यक्रम।



बालकृष्ण राना मगर
प्रमुख प्रशासकीय अधिकृत

## अनुसूची ३

(स्वास्थ्य मन्त्रालयको पोषणमैत्री स्वास्थ्य संस्था कार्यान्वयन निर्देशिका, २०७९ को दफा ९.१ सँग सम्बन्धित)

### पोषणमैत्री स्वास्थ्य संस्थाका सूचकहरू

| सूचक नं. | सूचक | अवस्था | अंक |
|---|---|---|---|
| १ | गर्भवती महिलाले कम्तिमा ८ पटक पूर्व प्रसूति जाँच गरेको प्रतिशत | >९० | १ |
| | | ८०-९० | ०.५ |
| | | <८० | ० |
| २ | गर्भवती महिलाले कम्तिमा ३ पटक उत्तर प्रसूति जाँच गरेको प्रतिशत | >९० | १ |
| | | ८०-९० | ०.५ |
| | | <८० | ० |
| ३ | गर्भवती महिलाले गर्भ अवधिभर १८० चक्कि आइरन फोलिक एसिड चक्कि खाएको प्रतिशत | >९० | १ |
| | | ८०-९० | ०.५ |
| | | <८० | ० |
| ४ | स्वास्थ्य संस्थामा सुत्केरी गराएका महिलाहरुको प्रतिशत | >९० | १ |
| | | ८०-९० | ०.५ |
| | | <८० | ० |
| ५ | स्वास्थ्य संस्थामा जन्म भएका बालबालिका मध्य जन्मेको १ घण्टाभित्र स्तनपान सुरुवात गर्ने शिशुको प्रतिशत | >९० | १ |
| | | ८०-९० | ०.५ |
| | | <८० | ० |
| ६ | ६ देखि ५९ महिनाका बालकालिकाले वर्षमा दुई पटक भिटामिन ए क्याप्सुल पाएको प्रतिशत | >९० | १ |
| | | ८०-९० | ०.५ |
| | | <८० | ० |
| ७ | १२ देखि ५९ महिनाका बालकालिकाहरुले वर्षमा दुई पटक जुकाको औषधी पाएको प्रतिशत | >९० | १ |
| | | ८०-९० | ०.५ |
| | | <८० | ० |
| ८ | २४ महिनासम्मका बालकालिकाले नियमित वृद्धि अनुगमन गरेको औसत पटक | >१८ | १ |
| | | १५-१८ | ०.५ |
| | | <१५ | ० |
| ९ | वृद्धि अनुगमनका लागि दर्ता भएका बालबालिका मध्ये जन्मे देखि ६ महिनासम्म पूर्ण स्तनपान गराएको प्रतिशत | >९० | १ |
| | | ८०-९० | ०.५ |



बालकृष्ण राना मगर
प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| | | <८० | ० |
| १० | वृद्धि अनुगमनका लागि दर्ता भएका बालबालिका मध्य ६ महिनापश्चात स्तनपानका साथै समयमै थप खानाको सुरुवात गरेको प्रतिशत | >९० | १ |
| | | ८०-९० | ०.५ |
| | | <८० | ० |
| ११ | वृद्धि अनुगमनका लागि दर्ता भएका बालबालिका मध्य कम तौल भएका बालबालिकाको प्रतिशत | <५ | १ |
| | | ५-१० | ०.५ |
| | | >१० | ० |
| १२ | कम तौलका शिशुको जन्म प्रतिशत | <५ | १ |
| | | ५-१० | ०.५ |
| | | >१० | ० |
| १३ | पूर्ण खोपयुक्त स्वास्थ्य संस्था भएको | भएको | १ |
| | | नभएको | ० |
| १४ | पूर्ण मात्रामा (१८० स्याचेट) बालभिटा पाएका बालबालिकाको प्रतिशत | >९० | १ |
| | | ८०-९० | ०.५ |
| | | <८० | ० |
| १५ | बालबालिकालाई झाडा पखाला लागेको बेला जिंक चक्की र पुर्नजलिय झोल खुवाउने गरेको प्रतिशत | >९० | १ |
| | | ८०-९० | ०.५ |
| | | <८० | ० |
| १६ | २६ हप्तासम्म आईरन फोलिक एसिड चक्की पाएका किशोरीको प्रतिशत | >९० | १ |
| | | ८०-९० | ०.५ |
| | | <८० | ० |

**वर्गीकरण**

| जम्मा प्राप्ताङ्क | अवस्था |
|---|---|
| १५ देखि १६ | पोषणमैत्री घोषणाका लागि योग्य |
| १३ देखि १४ | पोषणमैत्री उन्मुख स्वास्थ्य संस्था |
| १२ वा सोभन्दा कम | पोषणमैत्री उन्मुख नभएको |

बालकृष्ण राना मगर
प्रमुख प्रशासकीय अधिकृत

अध्यक्ष



CamScanner

## अनुसूची ४

(दफा ८ र ११(बाह्रौं) संग सम्बन्धित)

### पोषण मैत्री स्थानीय शासनका सुचक बिश्लेषण तरिका

### नरहरिनाथ गाउँपालिकाको कार्यालय, कालिकोट
### पोषणमैत्री स्थानीय शासनका सुचक विश्लेषण तरिका (निकाल्ने)

गाउँपालिकाको नामः                                                  वडा नं.

मितिः

| क.स. | विषय तथा क्षेत्रगत सुचकहरु | रेखा मुनीको अंक | रेखा माथिको अंक | नतिजा प्रतिशतमा | कैफियत |
|---|---|---|---|---|---|
| क. | ख. | ग. | घ. | ङ. | |
| १. | बाल बिबाहको संख्यामा कमी आएको | गएको दुई (२) बर्षमा बिबाह हुने महिला पुरुषको संख्या | बिवाह गर्दा २० बर्ष भन्दा कम उमेर हुने महिला पुरुषको संख्या | घ/ग*१०० | |
| २. | उदाहरणः सुचना लिएको दिन सम्म बिबाह गर्नेको संख्या (महिला पुरुष जोडेर) १०० रहेछ । यस मध्ये बिबाह गर्दा २० बर्ष भन्दा कम उमेर हुनेको संख्या (महिला पुरुष जोडेर) २० रहेकछ । | १०० | २० | २० | जस्तोः २० भाग १०० गुणान १०० बराबर २० प्रतिशत |
| | | | | यस्तै तरिकाले सबै सुचकको अबस्था पत्ता लगाउन सकिन्छ । | |

बालकृष्ण राना मगर
प्रमुख प्रशासकीय अधिकृत

नगेन्द्र बहादुर बिष्ट
अध्यक्ष

| क.सं. | सूचक | लक्ष्य | पुष्टिकरण आधार | नरहरिनाथ गाउँपालिकाको अवस्था |
|---|---|---|---|---|
| १ | **स्तनपान प्रवर्धन** | | | |
| १.१ | प्रसूति सेवा प्रदान गर्ने स्वास्थ्य संस्थामा "छिटो स्तनपान" (१ घण्टाभित्र) को दर | ≥८०% | प्रसूती रजिस्टर, IHMIS डाटा | |
| १.२ | ६ महिना सम्म पूर्ण स्तनपान गराइएको दर | ≥८०% | बाल स्वास्थ्य रजिस्टर | |
| २ | **पूरक आहार सल्लाह** | | | |
| २.१ | ६-२३ महिनाका बालबालिकालाई पूरक आहारको सल्लाह दिइएको | १००% | ANC/PNC काउन्सिलिंग रजिस्टर | |
| ३ | **कुपोषण पहिचान र व्यवस्थापन** | | | |
| ३.१ | SAM (गम्भीर कुपोषित) बालबालिका पहिचान र उपचार | १००% | OPD/IPD रजिस्टर, पोषण पुनर्वास केन्द्र (NRC) डाटा | |
| ३.२ | MAM (मध्यम कुपोषित) बालबालिकालाई पोषण पूरक आहार वितरण | ≥९०% | पोषण भण्डारण र वितरण लग | |
| ४ | **आईरन तथा फोलिक एसिड (IFA) वितरण** | | | |
| ४.१ | गर्भवती महिलाहरूलाई १८०+ IFA गोली वितरण | १००% | ANC रजिस्टर | |

बालकृष्ण राना मगर
प्रमुख प्रशासकीय अधिकृत

अध्यक्ष



CamScanner

| क्र.सं. | सूचक | लक्ष्य | पुष्टिकरण आधार | नरहरिनाथ गाउँपालिकाको अवस्था |
|---|---|---|---|---|
| ४.२ | किशोरीहरूलाई साप्ताहिक IFA गोली वितरण | ≥८०% | विद्यालय स्वास्थ्य कार्यक्रम रजिस्टर | |
| ५ | **पोषण शिक्षा र परामर्श** | | | |
| ५.१ | गर्भवती र सुत्केरी महिला हरूलाई पोषण परामर्श | १००% | ANC/PNC रजिस्टर | |
| ५.२ | पोषण सम्बन्धी सन्देश (जस्तै: स्तनपान, पूरक आहार, स्वच्छता) प्रदर्शन सामग्री उपलब्ध | हुनुपर्छ | स्वास्थ्य संस्था अनुगमन प्रतिवेदन | |
| ६ | **संस्थागत व्यवस्थापन** | | | |
| ६.१ | पोषण कार्यक्रमका लागि छुट्टै बजेट विनियोजन | गरेको | गाउँपालिका वार्षिक बजेट | |
| ६.२ | स्वास्थ्य कर्मचारीहरूले पोषण तालिम पाएको | १००% | तालिम प्रमाणपत्र | |

बालकृष्ण राना मगर
प्रमुख प्रशासकीय अधिकृत

नगेन्द्र बहादुर सिंह
अध्यक्ष



CamScanner

## अनुसूची ५

(दफा ८ र ११(बाह्रौ) संग सम्बन्धित)

## पोषणमैत्री स्थानीय शासनका सुचक प्राप्तीको अवस्था बिवरण

## नरहरिनाथ गाउँकार्यपालिकाको कार्यालय

### पोषण मैत्री स्थानीय शासनका सुचक प्राप्तीको अवस्था बिवरण

| क्र.स. | बिवरण तथा क्षेत्रगत सुचकहरू | आधार अवस्था (Baseline) | हालको अवस्था | लक्ष्य | सुचनाको स्रोत | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |
| ४ | | | | | | |

### १. शासन तथा नीति सम्बन्धी सूचकहरू

| क्र.सं. | सूचक | लक्ष्य | प्राप्ति /अवस्था | प्रमाण/कैफियत |
|---|---|---|---|---|
| १.१ | पोषण सम्बन्धी विशिष्ट बजेट विनियोजन | १००% | ८५% | वार्षिक बजेट किताब, २०८१/०८२ |
| १.२ | पोषण नीति तर्जुमा (स्थानीय स्तरमा) | भएको | भएको | गाउँपालिका नीति पुस्तिका, २०७९ |
| १.३ | बहुक्षेत्रीय पोषण समितिको गठन | १००% | १००% | समितिको निर्णय पुस्तिका, २०८० |

### २. सेवा प्रदान सम्बन्धी सूचकहरू

२.१. पोषणमैत्री स्वास्थ्य संस्था (HF) को संख्या १००% , ७५% (३/४) स्वास्थ्य सेवा विभागको प्रतिवेदन।

२.२. स्तनपान कक्ष (गाउँपालिका कार्यालयमा) भएको अनुगमन प्रतिवेदन, २०८२।

२.३. बाल पोषण भत्ता वितरण (समयमै)। १००%। ९०%। सामाजिक विकास खाता डाटा।

बालकृष्ण राना मगर
प्रमुख प्रशासकीय अधिकृत



CamScanner

### ३. समुदाय सहभागिता सम्बन्धी सूचकहरू

३.१. पोषण सन्देश समावेश गरी सार्वजनिक सभा आयोजना, वार्षिक ४ पटक, ३ पटक, गाउँपालिका कार्यविवरण।

३.२. युवा/महिला संजालद्वारा पोषण अभियान १००%, ८०% सामुदायिक रिपोर्ट, २०८२।

### ४. निगरानी तथा अनुगमन सम्बन्धी सूचकहरू

४.१. पोषण पार्श्वचित्र (Nutrition Profile) अद्यावधिक वार्षिक भएको। पोषण एकाईको डाटा।

४.२. पोषण कार्यक्रमको प्रगति अनुगमन त्रैमासिक, २ पटक अनुगमन प्रतिवेदन, २०८२।

प्रमुख उपलब्धिहरू:

- स्तनपान कक्ष गाउँपालिका कार्यालयमा स्थापना गरिएको।
- बाल पोषण भत्ता ९०% लक्षित समूहमा वितरण।

चुनौतीहरू:

- दुर्गम भौगोलिक अवस्थाको कारण पोषणमैत्री स्वास्थ्य संस्था पूरा नभएको।
- बजेट अभाव ले गर्दा पोषण कार्यक्रम विस्तार गर्न गाह्रो।

आगामी कार्ययोजना:

- २०८४ मा सबै स्वास्थ्य संस्थालाई पोषणमैत्री बनाउने।
- युवा संजाल मार्फत बाल विवाह र कुपोषण नियन्त्रणमा जोड दिने।

**स्रोत:** नरहरिनाथ गाउँपालिकाको कार्यालयको वार्षिक प्रतिवेदन, २०८०

बालकृष्ण राना मगर
प्रमुख प्रशासकीय अधिकृत

नगेन्द्र बहादुर विष्ट
अध्यक्ष

## अनुसूची ६

### (दफा १० (बुदा ३) संग सम्बन्धित)

### पोषण मैत्री स्थानीय शासन घोषणामा रहेको वडा र पालिकाको संक्षिप्त कार्य योजना

### नरहरिनाथ गाउँपालिकाको कार्यालय

### पोषण मैत्री स्थानीय शासन घोषणामा रहेको वडा र पालिकाको संक्षिप्त कार्य योजना

**गाँउ तथा गाउँपालिकाको नामः**

**वडा नं.**

पालिका तथा वडा लाई कहिले सम्म घोषणा गर्ने लक्ष्य लिईएको छ ?.......................................

| घोषणा गर्नको लागि गर्नुपर्ने मुख्य मुख्य कार्यहरू के के छन ?( अब के गर्ने, कुन सुचक वा नतिजा पुरा गर्न बाकि छ? ) | | | | | जिम्मेवारी तथा सहयोगी निकाय | कैफियत |
|---|---|---|---|---|---|---|
| आगामी १ महिना भित्र सम्पन्न गर्न सकिने कार्यहरु | आगामी २ महिना भित्र भित्र सम्पन्न गर्न सकिने कार्यहरु | आगामी ३ भित्र सम्पन्न गर्न सकिने कार्यहरु | चालु आव को अन्त्यसम्म सम्पन्न गर्न सकिने कार्यहरु | अर्को आव मा मात्र सम्पन्न गर्न सकिने कार्यहरु | | |
| १ | १ | १ | १ | १ | | |
| २ | २ | २ | २ | २ | | |
| ३ | ३ | ३ | ३ | ३ | | |
| ४ | ४ | ४ | ४ | ४ | | |
| ५ | ५ | ५ | ५ | ५ | | |
| ६ | ६ | ६ | ६ | ६ | | |
| ७ | ७ | ७ | ७ | ७ | | |
| ८ | ८ | ८ | ८ | ८ | | |
| ९ | ९ | ९ | ९ | ९ | | |

बालकृष्ण राना मगर
प्रमुख प्रशासकीय अधिकृत

नगेन्द्र बहादुर
अध्यक्ष



CamScanner

## अनुसूची ७

(दफा १५ संग सम्बन्धित)

पोषण मैत्री स्थानीय शासन कार्यान्वयन संयुक्त अनुगमन फारम

### नरहरिनाथ गाउँपालिकाको कार्यालय

### पोषण मैत्री स्थानीय शासन कार्यान्वयन संयुक्त अनुगमन फारम

अनगमन गरिएको गाउँ तथा गाउँपालिकाको नाम : वडा नं.

मितिः

| क.स. | बिवरण तथा क्षेत्रगत सुचकहरू | न्यूनतम लक्ष्य पुरा भएको | | सिफारिस तथा सुझाव | सुचनाको स्रोत | कैफियत |
|---|---|---|---|---|---|---|
| | | छ | छैन | | | |
| क्षेत्रः | | | | | | |
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |
| ४ | | | | | | |

सम्पादित उल्लेखनीय कार्यहरुः

राम्रा तथा उदाहरणीय सफलताहरू

अनुगमन कर्ताको राय तथा मन्तव्य

अनुगमन कर्ताको बिवरण :

| क.सं . | नाम थर | पद | कार्यालय | दस्तखत | मिति |
|---|---|---|---|---|---|
| | | | | | |

बालकृष्ण राना मगर
प्रमुख प्रशासकीय अधिकृत

जगेन्द्र बहादुर बिष्ट
अध्यक्ष

अनुसूची ८
(दफा १२ (२) संग सम्बन्धित)

## पोषण मैत्री आचार संहिता

## नरहरिनाथ गाउँपालिकाको कार्यालय
## पोषण मैत्री आचार संहिता

गाउँपालिकाको नामः

| गाउँपालिका, वडा कार्यालय र बिषयगत शाखाहरुको पोषणमैत्री आचार संहिता | शैक्षिक संस्थाको पोषणमैत्री आचार संहिता | परिवार र समुदायको पोषणमैत्री आचार संहिता | बालबालिकाको पोषणमैत्री आचार संहिता | कैफियत |
|---|---|---|---|---|
| १ | १ | १ | १ | |
| २ | २ | २ | २ | |
| ३ | ३ | ३ | ३ | |
| ४ | ४ | ४ | ४ | |
| ५ | ५ | ५ | ५ | |
| ६ | ६ | ६ | ६ | |
| ७ | ७ | ७ | ७ | |
| ८ | ८ | ८ | ८ | |
| ९ | ९ | ९ | ९ | |

बालकृष्ण राना मगर
प्रमुख प्रशासकीय अधिकृत

नगेन्द्र बहादुर विष्ट
अध्यक्ष



CamScanner

## अनुसूची ९

### पोषणमैत्री स्थानीय शासनको बारेमा जानकारी

### १. पोषणमैत्री स्थानीय शासन भनेको के हो ?

पोषणमैत्री स्थानीय शासन भन्नाले स्थानीय सरकार (गाउँपालिका वा नगरपालिका) ले पोषणलाई आफ्नो नीति, योजना, कार्यक्रम र बजेटको प्राथमिकताको रूपमा समेटेर बहुक्षेत्रीय समन्वयमा पोषण सुधारका गतिविधिहरू सञ्चालन गर्ने शासन प्रणाली हो। यसले पोषण सुधारलाई केवल स्वास्थ्यको विषय होइन, शिक्षा, कृषि, खानेपानी, सरसफाई, महिला तथा बालबालिका, सामाजिक विकासजस्ता विभिन्न क्षेत्रसँग समन्वय गरी समाधान खोज्नुपर्ने बहुआयामिक समस्या मान्दछ। पोषणमैत्री स्थानीय शासनले स्थानिय जनताको आवश्यकता, स्रोत, क्षमता र सहभागी निर्णय प्रक्रियाको आधारमा पोषण सुधारका कार्यक्रमहरू सञ्चालन गर्दछ जसमा पोषणको अवस्था विश्लेषण, सूचकको आधारमा अनुगमन, बजेटको सुनिश्चितता, जनचेतना अभिवृद्धि, सेवा पहुँचमा वृद्धि तथा सबै सरोकारवालाको सहभागिता सुनिश्चित गरिन्छ। यसले मातृ, नवजात, शिशु, बालबालिका, किशोरी र महिलाको पोषण स्थिति सुधार गरी दीर्घकालीन मानव विकासमा टेवा पुर्याउँछ। स्थानीय तहको नेतृत्वमा पोषण सुधारका कार्यक्रमलाई स्वामित्वका साथ कार्यान्वयन गरी दिगो र परिणाममुखी बनाउने यो शासन प्रणालीले दिगो विकास लक्ष्य (SDGs) प्राप्तिमा समेत महत्वपूर्ण योगदान दिन्छ।

### २ . पोषणमैत्री स्थानीय शासनको लक्ष्य

पोषणमैत्री स्थानीय शासनको लक्ष्य भनेको स्थानीय तहमा पोषण सुधारलाई नीति, योजना, कार्यक्रम र बजेटको मूलधारमा समावेश गरी महिला, नवजात शिशु, बालबालिका, किशोरी तथा समग्र जनसंख्याको पोषण स्तरमा सुधार ल्याउनु हो। यसका माध्यमबाट कुपोषण न्यूनीकरण, पोषणसम्बन्धी जनचेतना अभिवृद्धि, सेवा पहुँचको विस्तार, र पोषणका क्षेत्रमा बहुक्षेत्रीय समन्वय र सहकार्यलाई प्रोत्साहन गरिन्छ। पोषणमैत्री स्थानीय शासनले स्थायी र दिगो पोषण सेवाको सुनिश्चितता गर्दै पोषण सुधारलाई एक सामाजिक उत्तरदायित्वको रूपमा लिने आधार तयार गर्छ। साथै, यसले स्थानीय तहभित्रको समग्र मानव विकास, स्वास्थ्यको अवस्था र उत्पादक क्षमतामा दीर्घकालीन सकारात्मक प्रभाव पार्ने लक्ष्य लिएको हुन्छ। पोषणमैत्री वडाबाट सुरु भई पोषणमैत्री स्थानीय तह घोषणा गरिने लक्ष्यले सबै क्षेत्रलाई समेटेर साझा उत्तरदायित्वको भावना पैदा गर्छ। यसै माध्यमबाट स्थानीय सरकारहरू पोषण क्षेत्रको सुदृढीकरणमा नेतृत्वदायी भूमिका निर्वाह गर्न सक्नेछन्।

पोषणमैत्री स्थानीय शासनका सूचकहरू विभिन्न आयाममा आधारित हुन्छन्, जसले पोषण सुधारका लागि प्रभावकारी नीतिहरू र कार्यक्रमहरूको कार्यान्वयनलाई मापन गर्न मद्दत पुर्याउँछन्। यी सूचकहरू पोषण सेवाको पहुँच, गुणस्तर र प्रभावकारिता मूल्यांकन गर्न प्रयोग गरिन्छ। यहाँ पोषणमैत्री स्थानीय शासनको सूचकहरूको सूची दिइएको छ:

- पोषणमैत्री नीति र योजना: स्थानीय तहको नीति र योजनामा पोषणलाई मुख्यधारामा समावेश गरिएको छ कि छैन भन्ने कुरा। यसमा पोषणसम्बन्धी विशेष योजनाहरू र कार्यक्रमहरूको सञ्चालन र कार्यान्वयनको अवस्था समावेश हुनेछ।

बालकृष्ण राना मगर
प्रमुख प्रशासकीय अधिकृत

नगेन्द्र बहादुर [illegible]
अध्यक्ष

- पोषणसम्बन्धी जनचेतना र शिक्षा: समुदायमा पोषणसम्बन्धी जनचेतना वृद्धि गर्ने अभियानहरू र पोषणका विषयमा शिक्षा प्रदान गर्ने प्रयासहरूको संख्या र प्रभावकारिता।
- सेवा पहुँच र पहुँचमा सुधार: महिलाहरू, बालबालिकाहरू र किशोरीहरूको लागि पोषण सम्वन्धी सेवाहरूको पहुँच र तिनीहरूको गुणस्तर। यसले स्वास्थ्य, सुत्केरी सेवाहरू, आहार सल्लाह र आहार पूरकहरूको पहुँचलाई मापन गर्दछ।
- पोषणसम्बन्धी तथ्याङ्क र डाटाको सङ्कलन: पोषण स्तरको मापन र निगरानी गर्नका लागि डाटाको नियमित सङ्कलन, विश्लेषण र रिपोर्टिङको अभ्यास। यसले कुपोषणको दर, आहारको विविधता र पोषणमा सुधारका क्षेत्रहरूको पहिचान गर्न मद्दत पुर्याउँछ।
- पोषणमैत्री बजेट: पोषणका कार्यक्रमहरूको लागि स्थानिय तहको बजेटमा समर्पित रकम र स्रोतहरूको सुनिश्चितता। यसले पोषणका कार्यक्रमहरूको दीर्घकालीन स्थायित्व र प्रभावकारिता सुनिश्चित गर्न मद्दत गर्छ।
- पोषणमैत्री सेवाको उपलब्धता र गुणस्तर: पोषण र स्वास्थ्य सेवाहरूको उपलब्धता, पहुँच र सेवाको गुणस्तर मूल्यांकन गर्ने सूचक। यसमा स्वास्थ्यकर्मीको प्रशिक्षण, आपतकालीन पोषण सेवाहरूको तयारी, र पोषण कार्यक्रमहरूको प्रभावकारिता समावेश हुन्छ।
- समुदायको सहभागिता र समन्वय: स्थानीय समुदाय र सामाजिक संस्थाहरूको सहभागिता, त्यस्ता संस्थाहरूको सक्रियता र समन्वयको स्तर, जसले पोषण सुधारका कार्यक्रमहरूको कार्यान्वियनमा महत्त्वपूर्ण भूमिका खेल्छन्।
- सामाजिक समावेशीकरण: महिला, बालबालिका, दलित र अपांगता भएका व्यक्तिहरूका लागि पोषणका कार्यक्रमहरूको समावेशीकरण। यसले सुनिश्चित गर्छ कि सबै लक्षित समूहहरू पोषण सेवाबाट लाभान्वित हुन्छन्।
- पोषण सम्बन्धी अनुगमन र मूल्यांकन: पोषण सुधारका लागि योजना र कार्यक्रमहरूको निरन्तर अनुगमन र मूल्यांकनको प्रक्रिया। यसमा विभिन्न गतिविधिहरूको प्रगति, प्रभाव र समस्या पहिचान गर्ने कार्य समावेश हुन्छ।

### १. पोषणमैत्री स्थानीय शासनको उद्देश्य

पोषणमैत्री स्थानीय शासनको उद्देश्य विभिन्न स्तरमा पोषण सुधारका प्रयासहरूलाई प्रभावकारी बनाउन र कुपोषणको दर घटाउने उद्देश्यलाई प्राप्त गर्नु हो। यसले निम्नलिखित उद्देश्यहरूलाई समेट्छ:

- **पोषण सेवाको पहुँच र गुणस्तर सुधार गर्नु:** स्थानीय तहमा सबै समुदायहरू, विशेषत: महिलाहरू, बालबालिका र किशोरीहरूको लागि पोषण सेवाहरूको पहुँच र गुणस्तरमा सुधार ल्याउने। यसले पोषणसँग सम्बन्धित स्वास्थ्य सेवाहरूको उपलब्धता, पहुँच र प्रभावकारिता सुनिश्चित गर्न मद्दत गर्दछ।

बालकृष्ण राना मगर
प्रमुख प्रशासकीय अधिकृत

नगेन्द्र बहादुर विष्ट
अध्यक्ष



CamScanner

- **पोषणसम्बन्धी जनचेतना र शिक्षा वृद्धि गर्नु**: स्थानीय स्तरमा पोषणसम्बन्धी जनचेतना र शिक्षा फैलाउने, ताकि समुदायले स्वस्थ आहारको महत्त्व बुझून् र कुपोषणका बारेमा सचेत बनून्। यसले पोषणको महत्व र कुपोषणको असरलाई बुझ्नका लागि जनसमुदायमा जानकारी पुर्याउँछ।
- **कुपोषण न्यूनीकरण**: महिला, बालबालिका र किशोरीहरूको कुपोषणको दरलाई महत्वपूर्ण रूपमा घटाउने। पोषणमैत्री स्थानीय शासनले कुपोषणको जटिल समस्यालाई सम्बोधन गरेर दीर्घकालीन स्वास्थ्य र भरण-पोषण सुधारका उपायहरूलाई लागू गर्ने प्रयास गर्छ।
- **समाजको समावेशीकरण**: पोषण सेवामा सामाजिक समावेशीकरणको प्रवृत्ति सुदृढ गर्ने, जसले दलित, आदिवासी, अपांगता भएका व्यक्तिहरू र अन्य हाशियामा रहेका समूहहरूको पोषण सेवामा समान पहुँच सुनिश्चित गर्छ।
- **पोषणसँग सम्बन्धित नीति र कार्यक्रमको कार्यान्वयन**: स्थानीय सरकारहरूलाई पोषण र खाद्य सुरक्षा सम्वन्धी स्पष्ट नीति र कार्यक्रमहरूको कार्यान्वयनमा प्राथमिकता दिन प्रेरित गर्नु, जसले समग्र पोषण सुधारका लागि वातावरण सिर्जना गर्दछ।
- **पोषण सेवामा वित्तीय स्रोतको सुनिश्चितता**: पोषणसम्बन्धी सेवाहरू र कार्यक्रमहरूको प्रभावकारिता सुनिश्चित गर्नका लागि आवश्यक बजेट र वित्तीय स्रोतहरूको सुनिश्चितता गर्नु। यसमा पोषणका कार्यक्रमहरूको लागि वित्तीय स्रोतहरूको उपलब्धता र स्थायित्व सुनिश्चित गर्ने कुरा समावेश छ।
- **समन्वय र साझेदारी सुदृढ गर्नु**: विभिन्न सरकारी, गैर-सरकारी, र स्थानीय संस्थाहरूको समन्वय र साझेदारीलाई सुदृढ गरेर पोषण सुधारका लागि बहुक्षेत्रीय दृष्टिकोण लागू गर्नु। यसले पोषण सुधारका लागि एकीकृत दृष्टिकोणलाई प्राथमिकता दिन्छ।
- **पोषण सम्बन्धी डाटा संकलन र विश्लेषण**: पोषण अवस्थाको निगरानी र मूल्याङ्कनका लागि नियमित रूपमा डाटा संकलन गर्न र विश्लेषण गर्न, जसले पोषण सुधारका उपायहरूको प्रभावकारिता मापन गर्न मद्दत पुर्याउँछ।

**२. पोषणमैत्री स्थानीय शासन किन ।**

पोषणमैत्री स्थानीय शासन आवश्यक छ किनकि कुपोषण एक जटिल र दीर्घकालीन समस्या हो जसले समाजका सबै स्तरहरूलाई प्रभावित गर्छ। खासगरी महिलाहरू, बालबालिका र किशोरीहरूको पोषण अवस्थालाई सुधार्नु अत्यन्त महत्वपूर्ण छ, र यसका लागि स्थानीय सरकारको सक्रिय सहभागिता अनिवार्य छ। स्थानीय शासनले आफ्नो क्षेत्रभित्रको समुदायको स्वास्थ्य र पोषण सुधारमा प्रत्यक्ष योगदान दिन सक्छ। कुपोषण केवल स्वास्थ्य समस्या मात्र होइन, यो सामाजिक, आर्थिक र शिक्षा सम्बन्धी समस्यामा पनि परिणत हुन्छ। यसका परिणामस्वरूप, एक देशको मानव संसाधन र विकासमा गम्भीर असर पर्छ। यसका साथै, पोषणसम्बन्धी खालि सेवा र सचेतनाका अभावले पोषण अवस्था सुधारमा ठूलो अवरोध पैदा गर्छ। पोषणमैत्री स्थानीय शासन लागू गर्दा, स्थानीय तहको सरकारलाई आफ्नो क्षेत्रको आवश्यकता अनुसार पोषणसम्बन्धी कार्यक्रमहरूको डिजाइन र कार्यान्वयनमा स्वायत्तता मिल्छ, जसले गर्दा उनीहरूले आफ्नो क्षेत्रको विशिष्ट चुनौतिहरूसँग मेल खाने समाधान खोज्न सक्छन्। यसले पोषणसँग सम्बन्धित विभिन्न सेवाहरूलाई सुदृढ पार्न, वित्तीय स्रोतहरूको व्यवस्थापन र जनचेतना फैलाउन मद्दत पुर्याउँछ। त्यसैले, पोषणमैत्री स्थानीय शासन एक प्रभावकारी र समग्र



बालकृष्ण राना मगर
प्रमुख प्रशासकीय अधिकृत

दृष्टिकोण हो जसले पोषण सुधारका लागि आवश्यक नीति, योजना र कार्यान्वयनलाई स्थानीय स्तरमा व्यवस्थित र सशक्त बनाउँछ। यसले कुपोषणको समस्यालाई दीर्घकालीन रूपमा समाधान गर्न मद्दत गर्नेछ र समाजको समग्र स्वास्थ्य र भरण-पोषण सुधारमा महत्वपूर्ण भूमिका खेल्नेछ।

## अनुसूची १० : पोषण सम्बन्धी पोखरा प्रतिबद्धता २०७३

**पोषण सम्बन्धी पोखरा प्रतिबद्धता, २०७३ (Nutrition-Related Pokhara Commitment, 2016)** नेपाल सरकार र विभिन्न हितधारकहरूद्वारा पोषण सम्बन्धी समस्याहरू समाधान गर्न गरिएको एक महत्त्वपूर्ण राष्ट्रिय प्रतिबद्धता हो। यसले नेपालमा कुपोषण, विशेष गरी बालबालिका र महिलाहरूमा पोषण अभावलाई कम गर्ने लक्ष्य राखेको छ।

मुख्य उद्देश्यहरू:

1. कुपोषण नियन्त्रण: स्टन्टिङ (होचोपना), वेस्टिङ (दुर्बलता), कम तौल र एनिमिया (रक्तअल्पता) लगायत पोषण समस्याहरू कम गर्ने।
2. पहुँच र जागरूकता: समुदायस्तरमा पोषण शिक्षा, सुरक्षित आहार, र स्वच्छताको प्रवर्धन।
3. बहुक्षेत्रीय सहयोग: स्वास्थ्य, शिक्षा, कृषि, महिला तथा बालविकास जस्ता क्षेत्रहरूमा समन्वय।
4. दिगो विकास लक्ष्य (SDGs): विशेष गरी SDG-2 (शून्य भोक) र SDG-3 (स्वस्थ जीवन) प्राप्तिमा योगदान।

प्रमुख प्रतिबद्धताहरू:

- २०३० सम्ममा स्टन्टिङ २५% भन्दा कममा ल्याउने।
- बालबालिका र गर्भवती महिलाहरूमा आयरन, भिटामिन ए, जस्ता पोषक तत्त्वहरूको पूर्ति गर्ने।
- स्तनपान, पूरक आहार, र स्वच्छताको अभ्यास बढाउने।

यो प्रतिबद्धता नेपाल सरकार, स्थानीय सरकार, अन्तर्राष्ट्रिय संस्था (यूनिसेफ, WHO, WFP), र नागरिक समाज को संयुक्त प्रयास हो।

बालकृष्ण राना मगर
प्रमुख प्रशासकीय अधिकृत

# पोषण सम्बन्धी पोखरा प्रतिवद्धता २०७३

२०७३ पौष २८ र २९ गते पोखरामा आयोजना गरिएको राष्ट्रिय पोषण गोष्ठीमा उपस्थित स्वास्थ्य मन्त्रालय, स्वास्थ्य सेवा विभागका सम्बद्ध पदाधिकारीहरु, ५ वटै क्षेत्रीय स्वास्थ्य निर्देशनालयका निर्देशकहरु, ७५ वटै जिल्लाका स्वास्थ्य/जनस्वास्थ्य कार्यालयका प्रमुख तथा पोषण सम्पर्क व्यक्तिहरु, संयुक्त राष्ट्र संघीय निकाय एवम् विकास साझेदार संस्था तथा नागरिक समाजका प्रतिनिधिहरुले सामूहिक रुपमा हामी गुणस्तरिय पोषण सेवालाई स्थानीय तहसम्म सर्वव्यापि पहुँचमा पुऱ्याउदै दिगो विकासका लक्ष्यहरु हासिल गर्न प्रतिवद्ध छौ ।

नेपाली जनता विशेषत: मातृ, शिशु तथा बाल्यकालीन पोषण स्थितिमा सुधार ल्याउन २००४ मा राष्ट्रिय पोषण नीति तथा रणनीति कार्यान्वयनमा आए सँगै नेपाल सरकारबाट स्विकृत बहुक्षेत्रीय पोषण योजना २०६९-२०७३, राष्ट्रिय स्वास्थ्य नीति २०७१, नेपाल स्वास्थ्य क्षेत्र रणनीति २०७२-२०७७ तथा Scaling Up Nutrition, World Health Assembly 2012 लगायतका अन्तराष्ट्रिय प्रतिबद्धताहरु कार्यान्वयनमा रहेका छन् । सोही बहुक्षेत्रीय प्रतिवद्धतालाई मनन् गर्दै राष्ट्रिय योजना आयोगको नेतृत्वमा स्वास्थ्यसँग सम्बन्धित पोषण योजनाहरुलाई स्वास्थ्य मन्त्रालयले आफ्ना कार्यक्रमहरु बिभिन्न तहगत संरचना मार्फत सकृयतापूर्वक कार्यान्वयन गरिरहेको सन्दर्भमा ती कार्यक्रमहरुलाई क्रमबद्ध रुपमा अघि बढाउन र बिभिन्न तहमा पोषणका सन्दर्भमा साझा बुझाई कायम गरी दिगो विकास लक्ष्य सहित अन्य घोषित लक्ष्यमा पुग्नका लागि आधार तय गर्न निम्न अनुसारका प्रतिवद्धता जाहेर गर्दछौं ।

१. राष्ट्रिय पोषण गोष्ठी, पोखराको मूल मन्त्र *"स्वस्थ सुखी र समृद्ध परिवार हाम्रो सरोकार, प्रभावकारी बहुक्षेत्रीय पोषण सेवा जनताको अधिकार"* लाई मुर्त रुप दिन आ-आफ्नो कार्य क्षेत्रबाट प्रतिबद्ध छौ ।

२. राष्ट्रिय योजना आयोगको संयोजन तथा समन्वयमा लागुं भइरहेको बहुक्षेत्रीय पोषण योजनालाई अझ प्रभावकारी रुपमा सञ्चालन गर्नका लागि स्वास्थ्य मन्त्रालयले पोषण क्षेत्रमा सशक्त प्राविधिक नेतृत्व प्रदान गर्ने ।

३. संघीय संरचनामा मुलुक उन्मुख भइरहेको परिप्रेक्ष्यमा पोषणको महत्वलाई दृष्टिगत गर्दै तत्पश्चात हुने संगठनात्मक ढाँचामा केन्द्र, प्रदेश तथा स्थानीय तहहरुमा पोषणलाई समावेश गरी पोषणको मूल प्रवाहिकरण गर्ने ।

४. यसै आर्थिक वर्ष भित्र नेपालका ७५ जिल्लाहरुमा जिल्ला स्वास्थ्य/जनस्वास्थ्य कार्यालयमा पोषण अधिकृतहरुको व्यवस्था प्रारम्भ गरी साथै हरेक स्वास्थ्य संस्थाहरुमा पोषण सम्पर्क व्यक्ति तोकि पोषणसम्बद्ध कार्यक्रमहरुलाई प्रभावकारी ढंगले लक्षित समुदायसम्म पुऱ्याउने ।

५. बहुक्षेत्रीय पोषण योजनाको दस्तावेजमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तरगत राष्ट्रिय पोषण केन्द्र स्थापना गर्ने प्रावधान रहेको र सो विषयमा तत्कालीन मन्त्रिपरिषदबाट निर्णय समेत भइसकेको सन्दर्भमा मुलुक संघीय ढाँचामा रुपान्तरण भइसकेको हुदा संघीय तहमा नै पोषण सम्बन्धी एउटा सशक्त निकायको स्थापना गर्न तुरुन्तै पहल गर्ने ।

६. बहुक्षेत्रीय पोषण योजनाले निर्दिष्ट गरे अनुसारका स्वास्थ्य सम्बन्धी पोषण सेवाहरुलाई स्थानीय तहसम्म समावेशि र समतामूलक सिद्धान्त अनुरुप विस्तार गर्ने । यसै आर्थिक वर्षबाट कुपोषण र खाद्य असुरक्षाको दृष्टिले अति प्रभावित जिल्लाहरुमा कुपोषण उपचार तथा व्यवस्थापन सहितको एकिकृत पोषण कार्यक्रम सञ्चालन गर्ने ।

७. आगामी आर्थिक वर्ष देखि पोषण सम्बन्धी छुट्टै बजेट कोड स्थापना गरी श्रोतको परिचालन गर्न सम्बन्धित निकायहरुसँग पहल गर्ने ।

८. विकास साझेदारहरुको सहयोग र योगदान प्राप्तिको ढाँचामा एकरुपता ल्याइ राष्ट्रिय पोषण प्रारुप अन्तरगत एकद्वार प्रणाली अपनाइ पोषण क्षेत्रका कार्यक्रमहरुलाई पूर्णता दिन (Complete coverage) सुनिश्चित गर्ने ।

९. क्षेत्र तथा जिल्ला तहमा उपलब्ध साधन तथा श्रोतको समन्वयात्मक रुपमा अधिकतम परिचालन गरी नतिजामूलक उपलब्धी हासिल गर्ने ।

१०. स्थानीय तहमा उपलब्ध श्रोत र साधनलाई उच्चतम सदुपयोग गर्ने गरी पूर्ण पोषणयूक्त घर, गाउ, जिल्ला अभियान सञ्चालन गर्नको लागि यसै आर्थिक बर्ष भित्र कार्यविधि तयार पारी अभियान घोषणा गर्ने ।



बालकृष्ण राना मगर
प्रमुख प्रशासकीय अधिकृत

जगेन्द्र बहादुर विष्ट
अध्यक्ष

CamScanner

नरहरिनाथ गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय, कुमालगाउँ, कालिकोट
कर्णाली प्रदेश, नेपाल

## पोषणमैत्री गाउँपालिका घोषणाको लागि सामुहिक प्रतिवद्धता

मिति २०८१ ... महिना ... गते

"कुपोषणको अन्त्य, मानव पुँजी निर्माण र समग्र सामाजिक आर्थिक विकास" गर्ने सोच सहित नेपाल सरकारले बहुक्षेत्रीय पोषण योजना तेस्रो स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । सामाजिक व्यवहार परिवर्तनको दृष्टिकोण तथा प्रणालीगत पद्धतिको अवलम्बन गर्दै माग र आवश्यकता अनुरुपको कार्यक्रम कार्यान्वयन मार्फत मानव जीवनचक्रमा आधारित भई सुनौलो हजार दिनमा गरिने लगानीबाट हुने उच्च प्रतिफलको सदुपयोग गर्दै मुख्य रुपमा सुनौला हजार दिनका महिला, बालबालिका तथा किशोरकिशोरीको पोषण सुधारमा केन्द्रीत हुने बहुक्षेत्रीय पोषण योजनाको मार्गदर्शन अनुरूप पोषण सुधारको विषयलाई अभियानको रुपमा लैजान कार्यान्वयनमा ल्याईएको पोषणमैत्री स्थानीय शासनको अवधारणालाई कार्यान्वयनमा लैजान नेपालको संविधान तथा प्रचलित कानून बमोजिम स्थानीय सरकारको अधिकार तथा नागरिकको पोषण सुधारको जिम्मेवारीलाई उच्च प्राथमिकतामा राख्दै यस गाउँपालिकामा आज मिति २०८१ साल .... महिना ... गतेका दिन निर्वाचित पदाधिकारीहरु र सरोकारवाला सवै हामी पोषणमैत्री स्थानीय शासनको अभिमुखिकरणमा उपस्थित भई निम्नानुसारका क्रियाकलाप पूर्ण रुपमा कार्यान्वयन तथा सहभागिता जनाई हाम्रो पालिकामा वहुक्षेत्रीय पोषण योजनाको सफल कार्यान्वयन गरी पोषणमैत्री स्थानीय शासन अवलम्वन गर्ने प्रतिवद्धता जाहेर गर्दछौं ।

<u>प्रतिबद्दता :</u>

१। सबै बालबालिकालाई अनिवार्य विद्यालय जाने वातावरण सृजना गरी गुणस्तरीय शिक्षाको व्यवस्था गर्नेछौं ।
२। निःशुल्क तथा गुणस्तरीय उपचारका लागि प्रत्येक वडामा भएका स्वास्थ्य संस्थामार्फत गुणस्तरीय स्वास्थ्य र पोषण सेवाको सुनिश्चता गर्नेछौं।
३। गर्भवति,सुत्केरी आमा र बालबालिकालाई पोषण प्रोत्साहन र पोषिलो सामग्रीको उपलब्धताको लागि विशेष कार्यक्रम गर्नेछौं।
४। दुई बर्ष मुनिका बालबालिकाहरुको वृद्धी अनुगमनको प्रभावकारीताको लागि बाल पोषण अनुदानसँग आवद्धता गरी वितरण गर्ने र ठोस कार्यक्रम सन्चालन गर्ने ।
५। सुरक्षित खानेपानी र सरसफाई व्यवस्था सुनिश्चित गर्नेछौं र पूर्ण सरसफाई अभियान सन्चालन गर्ने ।
६। विभिन्न तहमा भएका प्रतिवद्धता, कार्य योजना र समन्वय संयन्त्र सहित कार्यान्वयनको सुनिश्चितताका लागि सहयोगी निकायबाट प्राप्त सहयोगलाई समेत मूलप्रवाहीकरण गर्दै प्रभावकारी अनुगमन गर्ने ।
७। सवै स्तरमा बहुक्षेत्रीय पोषण योजना तर्जुमा गरी त्यसको प्रभावकारी कार्यान्वयन तथा अनुगमन, सुशासन र पारदर्शिताको सुनिश्चितता गर्ने छौं
८। बहुक्षेत्रीय पोषण योजनाको प्रभावकारी कार्यान्वयनका लागि वार्षिक उपलब्ध आन्तरीक स्रोतका साथै प्राप्त अनुदानको निश्चित रकम लगानी गर्नेछौ ।
९। यो योजना सञ्चालन गर्न संघीय, प्रादेशिक, अन्य स्थानीय तह लगायत विकास साझेदार एवम् सरोकार निकायसँग सार्थक समन्वय गर्नेछौं।
१०। समाजमा विघमान कुरुती जस्तैः बालविवाह र छुवाछुत जस्ता संस्कार र विकृती अन्त्यका लागि ठोस नियम र कार्यक्रम तय गरी कार्यान्वयन गर्नेछौं ।
११। स्वस्थ, सफा र पोषण मैत्री घर गाउँ टोल र वडा अभियान सञ्चालन गर्दै आगामी ......वर्ष भित्र यस पालिकालाई पोषणमैत्री स्थानीय शासन कार्यविधि, २०८० बमोजिमको प्रक्रिया पुरा गरी पोषणमैत्री स्थानीय तह घोषणा गर्नेछौं ।

| | | | | |
|---|---|---|---|---|
| प्रमुख प्रशासकिय अधिकृत | | उपाध्यक्ष | | अध्यक्ष |
| युवराज पौडेल | | कमल कुमार शाह | | नगेन्द्र कहादुर बिष्ट |
| वडा नं.१ अध्यक्ष | वडा नं.२ अध्यक्ष | वडा नं.३ अध्यक्ष | वडा नं.४ अध्यक्ष | वडा नं.५ अध्यक्ष |
| जगत बहादुर बिष्ट | प्रेम बहादुर बिष्ट | कटक बहादुर बुढा | नन्दराम सहकारी | मान बहादुर सहकारी |
| वडा नं.६ अध्यक्ष | वडा नं.७ अध्यक्ष | वडा नं.८ अध्यक्ष | वडा नं.९ अध्यक्ष | पोषण सहजकर्ता |
| पौराम कामी | खाम्म बहादुर बटाला | लाल बहादुर बिष्ट | प्रदिप बोहरा | राम बहादुर बुढा |



बालकृष्ण राना मगर
प्रमुख प्रशासकीय अधिकृत

नगेन्द्र बहादुर बिष्ट
अध्यक्ष

CamScanner